सुनिश्चित गर्दछ, आर्थिक स्थिरता कायम गर्न सघाउँछ र जिम्मेवारीबोध गराउँदै व्यवस्थित रूपमा योजना कार्यान्वयन गराउँछ। बजेट (Budget) का मूलभूत विशेषताहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ –

- बजेट भविष्यमा कार्यान्वयन गरिने कार्यक्रमहरूको दस्तावेज हो, जसले नीति निर्माणको खाका तयार पार्दछ।
- बजेट कुनै एक निश्चित अवधिको लागी (सामान्यतया १ वर्ष) तर्जुमा गरिएको आय-व्ययको अनुमानित विवरण हो।
- बजेट नीति कार्यान्वयनको संयन्त्र पनि हो।
- यसले वैधानिक नियन्त्रण र जवाफदेहिताको आधार सिर्जना गर्दछ।
- बजेटले विगत, वर्तमान र भविष्यको आर्थिक अवस्थाको जानकारी दिन्छ।
- बजेट निरन्तर चलिरहने प्रकृया एवं आवधिक योजनाको पुरक अंश हो।
- मुलुकको वार्षिक बजेट र आवधिक योजना बीच सोझो, रेखीय एवं सकारात्मक सह-सम्बन्ध रहन्छ।
- बजेट व्यवस्था सञ्चालन गर्न एक राष्ट्रिय कोषको स्थापना र सञ्चालन गरिएको हुन्छ।
- बजेट तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन र पृष्ठपोषण समष्टिगत बजेट प्रणालीका अंगहरू हुन्।
- बजेट व्यवस्थापनमा प्रचलित संवैधानिक तथा कानूनी प्रकृयाहरू अनिवार्य रुपमा अवलम्बन गरिनु पर्दछ आदि।

| बजेटका उद्देश्यहरू | बजेटका कार्यहरू |
|---|---|
| + साधनको विनियोजन गर्नु | + सार्वजनिक कोषको उपयोग गर्ने |
| + सरकारलाई मार्गदर्शन गर्नु | + वार्षिक कार्यक्रम सार्वजनिक गर्ने |
| + वित्तीय नीति कार्यान्वयन गर्नु | + कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने |
| + आर्थिक अवस्थाको जानकारी दिनु, | + आम्दानी र खर्चलाई वैधानिकता दिने |
| + अधिकतम उपलब्धी हासिल गर्नु | + आर्थिक जिम्मेवारी निश्चित गर्ने। |

**१४. नेपालको निजामती सेवामा पदपूर्तिका विशेषताहरू उल्लेख गर्नुहोस्। (Mention the characteristics of recruitment in the civil service of Nepal.)** **5**

सरकारद्वारा नयाँ संगठन वा इकाईको स्थापना, नयाँ कामको सुरुवात, वहालवाला कर्मचारीको अवकाश, राजिनामा, मृत्यु, सेवा समूह परिवर्तन आदि जस्तो कारणहरूले संगठनहरूमा पद रिक्त हुने गर्दछ। यसरी संगठनमा रिक्त भएका पदहरू पूर्ति गर्नका लागि उपयुक्त कर्मचारीहरूको भर्ना, छनोट, नियुक्ति र पदस्थापन गर्नेसम्मको कार्यलाई पदपूर्ति (Recruitment) भनिन्छ।

अर्को शब्दमा पदपूर्ति भनेको कुनै पनि संस्था (सरकारी/निजी) मा रिक्त रहेका पदहरूमा खुला वा आन्तरिक प्रतियोगितात्मक परीक्षा प्रणालीको माध्यमद्वारा र रिक्त रहेको पदभन्दा नजिकको तल्लो पदबाट बढुवा गरेर सो रिक्त पदमा कर्मचारीको स्थायी वा अस्थायी रुपमा व्यवस्था गर्ने कार्य हो। नेपालको सार्वजनिक प्रशासनमा निष्पक्ष रुपमा योग्यताको आधारमा पदपूर्ति हुने भन्ने साख राख्न सफल निजामती सेवामा पदपूर्तिका विशेषता

Question Bank Nepal

(जसलाई पदपूर्तिका तरिका पनि भन्न सकिन्छ) हरूलाई देहायअनुसार बुँदागत रुपमा व्यक्त गर्न सकिन्छ :-

- आन्तरिक र बाह्य गरी दुई किसिमबाट मुख्यतया रिक्त पदमा पदपूर्ति गर्ने गरिन्छ ।
- आन्तरिक र बाह्य परीक्षाका अलावा कार्य सम्पादन मूल्यांकन एवम् कार्यक्षमताका आधारमा बढुवाद्वारा पदपूर्ति गर्ने व्यवस्था ।
- आन्तरिक पदपूर्तिको तरिकाद्वारा पदपूर्ति गरिँदा रिक्त रहेको पदभन्दा तल्लो तहमा सोही सेवा समूहमा कार्यरत कर्मचारीको सेवा अवधि निश्चित वर्ष पुरा गरिसकेपछि मात्र परीक्षा दिनका लागि योग्य हुने व्यवस्था ।
- खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा पदपूर्ति गरिँदा रिक्त रहेको कुल सङ्ख्यामध्ये ४५ प्रतिशत समावेशी प्रतिनिधित्वका लागि आरक्षण छुट्याइने ।
- समावेशी प्रतिनिधित्वका लागि छुट्याइएको ४५ प्रतिशतलाई १०० प्रतिशत मानी महिलाका लागि ३३%, आदिवासी जनजातिका लागि २७%, मधेशका लागि २२%, दलितका लागि ९%, अपाङ्गको लागि ५% र पिछडिएको क्षेत्रका लागि ४% छुट्याउने व्यवस्था छ ।
- पिछडिएको क्षेत्रको लागि छुट्याइएको ४% रिक्त पदका लागि डोल्पा, हुम्ला, जुम्ला, मुगु, कालिकोट, बझाङ, बाजुरा, जाजरकोट र अछाम गरी ९ जिल्लाका उम्मेद्वारले मात्र प्रतिस्पर्धा गर्न पाउने व्यवस्था ।
- निजामती सेवामा गरिने पदपूर्तिलाई कानूनी रुपमा व्यवस्थित गराउने निजामती सेवा ऐन, २०४९ र नियमावली २०५० को व्यवस्था ।
- खुला प्रतिस्पर्धात्मक तरिकाबाट पदपूर्ति गरिँदा पदपूर्तिका लागि खुला गरिएको पदका लागि न्यूनतम शैक्षिक योग्यता एवम् अन्य योग्यता पुगेको पुरुषले ३५ वर्षभित्र र महिलाको हकमा ४० वर्ष सम्मका महिलाले प्रतिस्पर्धात्मक भाग लिन पाउने व्यवस्था ।
- यसरी रिक्त पदमा पदपूर्ति गर्दा लोकसेवा आयोगले पदपूर्तिका लागि रिक्त पदको माग गर्ने, प्रतिशत निर्धारण गर्ने, विज्ञापन गर्ने, दरखास्त संकलन गर्ने, रुजु गर्ने, परीक्षा सञ्चालन गर्ने र लिखित नतिजा एवम् अन्तरवार्ता गरी कर्मचारी सिफारिस गर्ने व्यवस्था छ ।
- निजामती सेवाको न्याय सेवा तर्फको पदको हकमा भने राजपत्रांकित तृतीय श्रेणी भन्दा माथिल्लो तहको पदको पदपूर्तिका लागि दरखास्त आह्वान गर्ने, परीक्षा सञ्चालन गर्ने कार्य न्याय सेवा आयोगले गर्ने गर्दछ ।
- श्रेणीविहीन कर्मचारीहरू जस्तो कार्यालय सहयोगी, सवारी चालक आदि पदको पदपूर्ति भने सार्वजनिक खरिद कानून र करार सेवा निर्देशिकाको आधारमा करारबाट अस्थायी रुपमा गर्ने गरिन्छ ।

**सन्तुलित भोजन** : शरीरको लागि आवश्यक हुने ६ पोषक तत्वहरू कार्बोहाइड्रेट, प्रोटिन, चिल्लो, भिटामिन, खनिज पदार्थ र पानीको दैनिक माग पूर्ति हुने गरी विभिन्न खाद्यवस्तुको ठीक परिमाण र अनुपातको खानालाई सन्तुलित भोजन भनिन्छ । दैनिक खाना सन्तुलित भएमा शरीर हृष्टपुष्ट र स्वस्थ हुन्छ । व्यक्तिको आवश्यकता र खाना आपूर्तिबीच सन्तुलन भयो भने खाना सन्तुलित हुन्छ । यी दुईबीच असन्तुलन भयो भने कुपोषण हुन्छ ।

Question Bank Nepal

सारांशमा भन्नुपर्दा हामीले खाने खानामा कार्वोहाइड्रेटस्, चिल्लो, प्रोटिन, खनिज, भिटामिनहरू र पानीको सन्तुलित मात्रा हुनु पर्छ । सन्तुलित खाना खानका लागि निम्न लिखित खाद्यसमूहवाट कुनै एक खानाको परिकार हुनु पर्छ ।
समूह (क)– शरीरलाई शक्ति दिने खानाहरू जस्तै : चामल, मकै, कोदो, मह, घिउ आदि ।
समूह (ख)– शरीर वृद्धि गर्ने खानाहरू जस्तै : माछा, मासु, फुल, दुध, दाल, गेडागुडी आदि ।
समूह (ग) – शरीरलाई रक्षा गर्ने खाना, जस्तै : विभिन्न जातका सागपात, फलफूलहरू ।

**१५. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सेवाग्राहीले के कस्तो दायित्व निर्वाह गर्नुपर्दछ ? (What are the responsibilities of the service receiver to make public service delivery effective?) 5**

**उत्तर :**

सरकारले जनताको जन्मदेखि मृत्यु पर्यन्त सम्म पुऱ्याउनुपर्ने सार्वजनिक सेवा सरल तरिकाले, कम मूल्यमा, छिटो छरितो माध्यमवाट, जनताले चाहेको स्थान र चाहेको समयममा पुऱ्याउने क्रियाकलापलाई नै सार्वजनिक सेवा प्रवाह (Public service delivery) भनिन्छ । सार्वजनिक सेवा प्रवाह जनताको सही आवश्यकता र चाहनामा आधारित हुनुपर्छ र सेवा प्रवाह आपूर्तिमा होइन जनताको मांगमा आधारित हुनु पर्दछ ।
सार्वजनिक सेवा प्रवाह जनताको लागि सरकारको निगाहा होइन, यो त उनीहरूको हक अधिकारको विषय हो भन्ने मान्यतालाई सरकारले भूल्नु हुदैन । सार्वजनिक सेवा प्राप्त गर्ने सेवाग्राहीको रुपमा रहेका जनताको अधिकार हो भने सो अधिकारको उपयोग वा प्राप्त गर्ने सन्दर्भमा सेवाग्राहीको निश्चित दायित्व पनि रहेका हुन्छन् । सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सेवाग्राहीले निम्नानुसारका दायित्व/कर्तव्यहरू निर्वाह गर्नुपर्ने हुन्छ –

(क) संविधान एवं प्रचलित ऐन-कानूनका प्रावधानहरू पलना गर्दै आफ्ना अधिकारहरू खोज्ने दायित्व ।
(ख) आँफूलाई आवश्यक तथा आफूले प्राप्त गर्न सम्भव सेवा सुविधाको मात्र दावी गर्ने दायित्व ।
(ग) सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सेवाप्रदायकसंग आवश्यकता अनुसार समन्वय एवं सहकार्य गर्ने दायित्व ।
(घ) आवश्यक पर्ने प्रमाण पुऱ्याएर मात्र सार्वजनिक सेवा सुविधा दावी गर्ने दायित्व ।
(ङ) कानून बमोजिम आफूले तिर्नपर्ने कर तथा गैरकर राजस्व तोकिएको समयमा नै तिर्नु पर्ने दायित्व ।
(च) आफ्ना अधिकारहरू खोज्दा अन्य सेवाग्राहीहरूको अधिकारको सम्मान गर्ने दायित्व ।
(छ) सार्वजनिक सेवा प्रवाह सम्बन्धि सुचना तथा जानकारी सम्बन्धमा सदैव सचेत भई त्यस्ता सुचना तथा जानकारी राख्ने र अन्य सेवाग्राहीलाई समेत जानकारी गराउने दायित्व ।
(ज) सेवा प्रदायकलाई अनुचित प्रभावमा पार्न र अनावश्यक दबाब दिन नहुने दायित्व ।
(झ) सेवा प्रप्त गर्दा अनिवार्य रुपमा पालना गर्नु पर्ने कार्यविधि पालना गर्ने दायित्व ।
(ञ) सेवा प्रदायकलाई सेवा प्रवाह सम्बन्धमा Feedback दिने दायित्व आदि ।

प्रभावकारी रुपमा सार्वजनिक सेवा प्रवाह गर्नु सबै लोक कल्याणकारी राज्य तथा सरकारको मुल उद्देश्य रहेको हुन्छ । सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन

Question Bank Nepal

सेवाप्रदायकको रुपमा रहेको सरकार तथा सरकारी निकायहरूको जति भूमिका रहन्छ, त्यत्ति नै भूमिका सेवाग्राहीको रुपमा रहने आम जनताको पनि रहन्छ।

प्रभावकारी सार्वजनिक सेवा प्रवाहका लागि उक्त सेवा प्रवाह सामाजिक न्यायमा आधारित, तोकिएको समयमा प्राप्त हुने, छनोटको पर्याप्त अवसर भएको, जनताको सही आवश्यकता र चाहनामा आधारित, जनसहभागिता प्राप्त भएको, छरितो प्रणालीद्वारा वितरण हुने जस्ता गुणयुक्त हुनुपर्छ। जसका लागि सेवाप्रदायक र सेवाग्राही दुवै पक्षले आ-आफ्नो भूमिका समुचित रूपमा निभाउन सक्नुपर्दछ। तव मात्र सार्वजनिक सेवा प्रवाह छिटो, छरितो, पारदर्शी र प्रभावकारी हुन मद्दत पुग्दछ।

**डंगुवा प्रथा** - डंगुवा प्रथा राजवंशी समूदायमा प्रचलित सामाजिक कु-प्रथा हो। यो चलन अनुसार आफ्नो लोग्ने बितेकी विधवा महिलाले नाता नपर्ने परपुरूषलाई लोग्ने जस्तै गरी घरमा राख्न पाउँछे। यस्ता पुरूषहरूलाई विवाहीत अरू पुरूषहरूले राती घुम्टो ओडाएर विधवा नारीको घरमा भित्राउँछन्। यस्ता पुरूषहरूको सम्पत्तिमा कुनै हक हुँदैन र सामाजिक तथा धार्मिक कार्यमा उनीहरू सरिक हुन पनि पाउँदैनन्। यस प्रथालाई गरिब पुरूषमाथी धनी महिलाको शोषणको एक रूप हो भन्न सकिन्छ। यस प्रथाले सम्बन्धित समाजमा कुनै न कुनै प्रकारमा विकृति सृजना गर्ने कुरामा दुई मत हुन सकिदैन।

**१६. व्यवस्थापन सूचना प्रणाली भनेको के हो ? कार्यालय व्यवस्थापनमा यसको महत्व उल्लेख गर्नुहोस्। (What is Management Information System (MIS)? Mention its importance on office management. (3+2) = 5**

**उत्तर :**

संगठनको निर्दिष्ट लक्ष्य हासिल गर्नका खातिर समन्वयात्मक ढंगवाट संपादन गर्नुपर्ने विभिन्न क्रियाकलापलाई व्यवस्थित रुपमा सञ्चालन गर्नु नै व्यवस्थापन (Management) हो। भने व्यवस्थापन सूचना प्रणाली (MIS) व्यवस्थापनलाई आवश्यक सूचना प्रदान गर्ने एउटा सूचना प्रबन्ध र प्रशोधन संयन्त्र अर्थात सूचना व्यवस्थापन विधि हो। *कृपया यस प्रश्नको पूर्ण समाधानको लागि लोक सेवा आयोगद्वारा ना.सु. (खुला), २०६९ मा द्वितीय पत्र "सामाजिक-आर्थिक अवस्था" विषयमा सोधिएको प्रश्न नं. १३ को उत्तर हेर्नुहोला।*

**१७. करको अवधारणा स्पष्ट पार्नुहोस्। कर कति किसिमका हुन्छन् ? प्रत्येक प्रकारका करका सवल र कमजोर पक्षको विवेचना गर्नुहोस्। (Clarify the concept of tax. mention the types. Discuss the strong and weak aspects of each types of tax.) (2+2+6) = 10**

**उत्तर :**

**करको अवधारणा (Concept & Meaning of tax)**

*"सरकारी ढुकुटी/सरकारी कोष/सरकारी आय/आम्दानीको स्रोत"*

मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न, सेवा सुविधा वितरण एवं विकास निर्माण गर्नका लागि खर्च जुटाउने प्रयोजनका लागि सरकारले जनताको सम्पत्ति, आम्दानी, खर्च, उपभोग एवं कारोवारका आधारमा जनता (करदाता) बाट उठाउने रकमलाई नै कर भनिन्छ। अर्को शब्दमा कुनै पनि व्यक्ति वा संस्थाबाट पछि फिर्ता पनि गर्नु नपर्ने र सो को बदलामा प्रत्यक्ष रुपमा केही प्रदान नगर्ने गरि सरकारले प्राप्त गर्ने एक प्रकारको राजस्वको रकम नै कर हो। कुनै पनि व्यक्ति वा संस्थाले कानूनले व्यवस्था गरे अनुसार अनिवार्य रुपमा



Question Bank Nepal

राज्यलाई तिर्न बुझाउन पर्ने रकम नै कर हो । अर्थात् तोकिएको सीमा भन्दा माथिको आय,सम्पत्ति,आर्थिक कारोबार गरेवापत वा कानूनले तोके बमोजिमको वस्तु वा सेवाको उपभोग गरेबापत अनिवार्य रुपमा सरकारलाई तिर्न बुझाउन पर्ने रकम नै कर हो ।

सरकारले जनताको सम्पत्ति, आम्दानी, खर्च, उपभोग एवं कारोवारका आधारमा जनता (करदाता) वाट कर उठाउने गर्दछ । यसलाई कुनै पनि देशको दिगो एवं भरपर्दो राजस्वको स्रोत मानिन्छ । कर राजस्व अन्तर्गत आयकर, मूल्य अभिवृद्धि कर, अन्तशुल्क, भन्सार महसुल, घरजग्गा कर, मालपोत, आदि पर्दछन् । कर राज्यद्वारा लगाइने र तिर्नुपर्ने दायित्व भएको व्यक्तिले पनि अनिवार्य रूपमा तिर्नुपर्ने कर्तव्य सिर्जना हुने रकम हो ।

कर तिर्नु स्वेच्छाको कुरा नभई अनिवार्य हो । किनकि कर नतिर्नेलाई दण्ड-जरिवाना गरेर भए पनि असुलउपर गरिन्छ । करका देहाय बमोजिमका विशेषताहरूबाट पनि करको अर्थ एवं अवधारणा बारे स्पष्ट हुन सकिन्छ –

- संविधान वा कानून अनुसार विद्यायिकी स्वीकृतीले मात्र करारोपण गर्न सकिन्छ (No Taxation without representation)
- कर राज्यलाई अनिवार्य रुपमा भुक्तानी गर्नुपर्ने रकम हो ।
- करको वदलामा करदातालाई प्रत्यक्षत: कुनै वस्तु वा सेवा प्राप्त हुँदैन ।
- सामान्यत: करको दायरा सदैव विस्तार उन्मुख हुन्छ ।
- जुनसुकै करमा पनि करको आधार संरचना तथा करदाताको पहिचान गरी तीन तत्वको अनिवार्यता रहन्छ ।
- करको पछाडी सार्वजनिक हितको सिद्धान्त अन्तर्निहित रहन्छ ।
- कर सार्वजनिक वित्तको प्रमुख स्रोतको रुपमा रहेको हुन्छ ।
- राज्यलाई परनिर्भरतावाट आत्मनिर्भरता तर्फ अग्रसर गराउने क्षमता हुन्छ करमा ।
- कर भुक्तानी गर्ने दायित्व भएकालाई कानूनको उलंघन गरे सजाय गरिन्छ ।
- राज्यको आय वृद्धि गर्नु र संकलित रकम संचित वा सार्वजनिक कोषमा जम्मा हुनु करको अर्को महत्वपूर्ण विशेषता हो ।

निष्कर्षमा, कर न जरिवाना हो न भुक्तानी गर्नेलाई प्रत्यक्षत: केही प्राप्त हुने गरी तिर्ने वा बुझाउने रकम हो । यो त राज्य सञ्चालनका लागि आवश्यक पर्ने सार्वजनिक वित्त संकलन गर्न प्रयोग गरीने एक महत्वपूर्ण अर्थस्रोत हो ।

**करका प्रकारहरू (Types of tax)**

कर-राजस्वलाई मुलत: प्रत्यक्ष कर र अप्रत्यक्ष कर गरी दुई भागमा वर्गीकरण गर्ने गरिन्छ । तथापी राज्यको प्रमुख आयस्रोत एवं जनताले अनिवार्य रुपमा भुक्तानी गर्नुपर्ने जस्ता विशेषता बोकेको कर राजस्वलाई यसको स्वरुप, प्रकृति,गुण एवं परिणाम तथा विधि समेतका आधारमा देहाय बमोजिम विभिन्न किसिममा विभाजन गर्ने गरेको पनि पाईन्छ ।

| कर राजस्वको वर्गीकरण | |
|---|---|
| (क) करको स्वरुपको आधारमा वर्गीकरण | प्रत्यक्ष कर (आयमा लाग्ने करहरू) र अप्रत्यक्ष कर (उत्पादनमा लाग्ने करहरू) । |
| (ख) करको प्रकृति आधारमा वर्गीकरण | आयमा लाग्ने कर, सम्पत्तिमा लाग्ने कर, उत्पादनमा लाग्ने कर, उपभोगमा लाग्ने कर, बिक्री गर्दा असुल गरिने कर, पूँजी लाग्ने कर र क्षमता एवं वस्तु वा सेवमा आधारित कर । |
| (ग) करको विधि आधारमा वर्गीकरण | अनुपातिक कर, प्रगतिशील कर, प्रतिगामी कर र अधोमुखी कर । |

Question Bank Nepal

| | |
|---|---|
| (घ) करको गुण एवं परिणामको आधारमा वर्गीकरण | मूल्यमा लाग्ने कर (Ad-valorem Tax) र वस्तुका गुण/परिमाण/इकाईमा लाग्ने कर । |

स्वरुपको आधारमा गरिने करको वर्गीकरणमा पर्ने प्रत्यक्ष कर र अप्रत्यक्ष कर नै सबैभन्दा बढी प्रचलित र सरकारका लागि बढि महत्वपूर्ण वर्गीकरण मानिने हुनाले यहाँ यिनै करका प्रकारहरूको सबल र कमजोर पक्षहरू सहित विवेचना गरिएको छ ।

**(क) प्रत्यक्ष कर (Direct Tax)**

- सामान्य अर्थमा व्यक्तिको आय र सम्पत्तिमा लगाइने कर नै प्रत्यक्ष कर हो । यस्तो कर किन प्रत्यक्ष कर हो भने यसमा करको भुक्तानी जसले गर्दछ करको भार र प्रभाव पनि त्यही प्राकृतिक वा कानून व्यक्तिमा पर्दछ । प्रत्यक्ष करमा सामान्यतया भार र प्रभाव हस्तान्तरण गर्न सकिदैन ।
- प्रत्यक्ष कर कराधार र करभार एउटै व्यक्तिमा हुने कर हो । यस्तो करमा जुन व्यक्तिबाट कर लिईन्छ, कर दिने अन्तिम भार पनि सोही व्यक्तिमा रहन्छ । आयकर प्रत्यक्ष करको उदारहण हो ।
- आर्थिक शब्दकोषका अनुसार – जुन व्यक्तिबाट कर उठाइएको छ सो व्यक्तिले सजिलै संग अरु व्यक्तिमा त्यसको भार लाद्न नसक्ने किसिमको कर प्रत्यक्ष कर हो ।
- प्रत्यक्ष करमा पनि कहिले काँही करको भारलाई आंशिक रुपमा सार्न सकिने र आंशिक सार्न नसकिने हुन्छ तसर्थ भार हस्तान्तरणका आधारमा मात्र प्रत्यक्ष र अप्रत्यक्ष कर छुट्याउन गाह्रो हुन्छ । तसर्थ अन्य आधार पनि लिनु पर्ने हुन्छ । यहाँ आय र सम्पत्तिमा लगाइएको करलाई प्रत्यक्ष कर भन्ने आधार बढी तर्कयुक्त हुन्छ ।
- नेपालमा लगानी, रोजगारी तथा व्यवसाय जस्ता स्रोतबाट प्राप्त हुने मुनाफा वा लाभ आयमा आधारित आयकर पारिश्रमिक कर, सपत्ति कर, घराजग्गा कर, व्याजकर, सवारी साधन कर, आकस्मिक लाभकर, मालपोत, घरजग्गा रजिष्ट्रेशन कर, घरजग्गा वहालकर, भूमिकर आदिलाई प्रत्यक्ष करमा वर्गीकरण गरिएको छ ।

**प्रत्यक्ष करका सवल पक्ष/गुण/उपयोगिता/फाइदा/महत्व**

- प्रत्यक्ष करले समानता, निश्चितता, लचकता जस्ता करका सिद्धान्तलाई पूरा गर्दछ ।
- आय र सम्पत्तिको समान वितरण गर्ने कार्यमा सहयोग पुऱ्याउँछ ।
- बढी आय सम्पत्ति भएकाबाट बढी र कम आय, सम्पत्ति भएका बाट कम कर असुल गर्दछ ।
- आय र सम्पत्ति नभएका वा न्यून सीमासम्म मात्र भएकाबाट कर असुल गर्दैन ।
- आयको वृद्धिसँगै राजस्व वा कर आय बढ्ने हुंदा आयकर उत्पादनशील हुन्छ र यसले उत्पादकत्वको स्तरलाई संकेत गर्दछ ।
- कर तिर्ने स्थान समय, प्रकृया, करको दर सम्बन्धमा निश्चितताको सुविधा करदातालाई उपलब्ध गराउँछ ।
- करको भुक्तानी एवम् त्यसको उपयोग सम्वन्धमा करदाता स्वयं सतर्क र सजग हुन्छन् ।
- कर भुक्तानीको प्रत्यक्ष अनुभव गर्न पाउंछ, फलस्वरुप नागरिक चेतनामा वृद्धि हुन्छ ।
- अप्रत्यक्ष करको तुलनामा प्रत्यक्ष करको सम्बन्धमा बुझ्न सजिलो हुन्छ ।



Question Bank Nepal

- अप्रत्यक्ष करको अनुपातमा यस करको सकलन लागत कम पर्ने हुंदा यो बढी मितव्ययी हुन्छ ।
- प्रत्यक्ष करमा क्षमताको आधारमा मात्र कर भुक्तानी गरिन्छ ।

**प्रत्यक्ष करका कमजोर पक्ष/वेफाइदा/अवगुण/नकारात्मक पक्षहरू**

- प्रत्यक्ष करको भुक्तानी, गणना तथा निर्धारण विभिन्न अवस्थमा विभिन्न किसिमले हुने हँदा तुलनात्मक रुपले यो कर असुविधाजनक प्रकृतिको छ ।
- प्रत्यक्ष कर तुलनात्मक रुपले जनता वा करदातालाई प्रिय लाग्दैन ।
- आफ्नो आय वा सम्पत्तिवाट कटौति गर्दा वा कर तिर्दा त्यसको प्रत्यक्ष प्रभाव अनुभव हुने हुँदा यसमा कर छल्ने संभावना बढी हुन्छ ।
- अप्रत्यक्ष करको तुलनामा यसको दायरा वा क्षेत्र साँघुरो हुन्छ ।
- तुलनात्मक रुपमा धनीलाई बढी कर लाग्ने हुँदा असमानताको विशेषता समेत यसले बोकेको हुन्छ ।
- बचत तथा लगानीमा प्रभाव पार्ने हुंदा यो पूँजी निर्माणका लागि बाधक हुन्छ ।
- जनताको कर तिर्ने सक्ने क्षमता कम रहने हुंदा विकासशील देशको सवै क्षेत्रमा यो कर उपयुक्त हुँदैन ।

**(ख) अप्रत्यक्ष कर (Indirect Tax)**

- करको कराधार र करभार बेग्लाबेग्लै व्यक्तिमाथि पर्ने कर नै अप्रत्यक्ष कर हो । यसमा कुनै व्यक्तिले सरकारलाई कर दिन्छ, तर निजले त्यसको भार अर्को व्यक्ति वा उपभोक्ता माथी सार्न सक्दछ ।
- अर्को शब्दमा उपयोग वा खर्चमा लाग्ने कर अप्रत्यक्ष कर हो, जुन करको भार हस्तान्तरण हुन सक्दछ । यस्तो करको रकम जुन व्यक्तिबाट असुल गरिन्छ सो व्यक्तिले सो रकम उपभोक्ताबाट असुल गर्दछ ।
- अप्रत्यक्ष करका करदाताहरूका रुपमा उद्योगी, व्यापारी एवं व्यवसायीहरूलाई लिने गरिएता पनि यस्तो करका वास्तविक करदाताहरू भने उपभोक्ताहरू नै हुन् भन्न सकिन्छ ।
- अप्रत्यक्ष कर स्थायी रुपले नलगाई खास खर्च, उपयोग र प्रयोगको कारोवारमा लगाइन्छ । नेपालमा लगाइने भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, स्वास्थ्य एवं शिक्षा सेवा शुल्क अप्रत्यक्ष करका उदाहरण हुन् ।

**अप्रत्यक्ष करका सवल पक्ष/गुण/उपयोगिता/फाइदा/महत्व**

- अप्रत्यक्ष कर कारोबारको समय र स्थानमै भुक्तानी हुने हुँदा त्यो कर भुक्तानी गर्न सुविधाजनक हुन्छ ।
- उपभोग र खर्चको मात्रामा भरपर्ने हुँदा यसमा लचकताको गुण पाइन्छ ।
- कर छल्ने सम्भावना हुदैन ।
- यसलाई छनोट गरिएका क्षेत्रमा मात्र लगाउन सकिन्छ ।
- प्राथमिकता क्षेत्रमा कम कर बनाएर करलाई बढी उत्पादनशील बनाउन सकिन्छ ।
- वस्तु वा सेवाको उपयोग वा त्यस्ता सम्पत्ति प्राप्तीमा मात्र लग्ने हुँदा यो न्यायपूर्ण र समानताको आधारमा लागु हुन्छ ।
- यो कर प्रगतीशील कर प्रणालीमा आधारित हुन्छ ।



Question Bank Nepal

- प्रत्यक्ष करको तुलनामा यसको आधार र क्षेत्र व्यापक छ ।
- प्रत्यक्ष करको तुलनामा संकलन गर्न सजिलो हुन्छ ।
- कर संकलनको लागतको दृष्टिले मितव्ययी हुन्छ ।
- यो करको प्रयोग व्यवस्थापकीय दृष्टिले विकासशील देशको लागि बढी उपयोगी हुन्छ ।
- स्वास्थ्यको दृष्टिले हानीकारक वस्तुमा यस्तो कर ल्याएर उपभोगलाई निरुत्साहित गर्न सकिन्छ ।

**अप्रत्यक्ष करका कमजोर पक्ष/बेफाइदा/अवगुण/नकारात्मक पक्षहरू**

- धनी र गरिबले आनुपातिक दृष्टिले बराबर कर तिर्नु पर्ने हुँदा यो अपेक्षाकृत अप्रगतिशील कर हो ।
- यस करले नागरिकको चेतनाको विकासमा सहयोग पुऱ्याउँदैन ।
- यसमा बजारमा वस्तु र सेवाको मूल्य बराबर तल माथी हुने हुँदा भुक्तान गरिने करको मात्रामा कुनै निश्चितता रहदैन ।
- उपभोग र खर्चमा कर लगाइनाले बचत र लगानीलाई प्रतिकुल असर पर्दछ ।
- वस्तु वा सेवाको उपयोगमा कर लगाइने हुनाले यसले मुद्रास्फीति बढाउँछ ।
- कर संकलनको दृष्टिले यो करमा मितव्ययीताको गुण कम रहन्छ ।
- यो कर भुक्तानी गर्ने करदाताले कर भुक्तानी गर्ने सिलसिलामा सरकार वा सरकारको प्रतिनिधीसँग प्रत्यक्ष संपर्क गर्न सक्दैन ।

**ह्रास कट्टी (Depreciation)** - सम्पत्तिको प्रयोग हुँदै जाँदा काम गर्ने क्षमता र मूल्यमा जुन ह्रास आउँछ त्यसलाई ह्रास कट्टी भनिन्छ अर्थात् कुनै ह्रासयोग्य स्थिर सम्पत्तिको निरन्तर प्रयोग हुँदै जाँदा यसको मूल्यमा गिरावट आउँछ जसलाई सम्पत्तिमा भएको ह्रास भन्ने बुझिन्छ र सो सम्पत्तिको मूल्यमा आएको ह्रासलाई निश्चित प्रतिशतका दरले खर्च देखाउने व्यवस्था नै ह्रास कट्टी हो । सम्पत्तिको लगातार प्रयोग हुँदै अर्थात् पुरानो हुँदै गएपछि मेसिन वा भवन खिइने टुटफुट हुने आदि हुन्छ, जसको उपयोगिता नयाँको तुलनामा कम वा समाप्त हुँदै गइरहेको हुन्छ, त्यस्तो वस्तु वा सम्पत्तिलाई त्यसको काम गर्न सक्ने जीवनभरको अवधिमा बाँडेर प्रत्येक वर्ष खर्च कट्टा गर्न पाइने व्यवस्था गरिएको हुन्छ । आयकर ऐन, २०५८ ले सम्पत्तिको ह्रास कट्टी गर्ने प्रयोजनका लागि सम्पत्तिलाई पाँच समूहमा वर्गीकरण गरी सोहीअनुसार ह्रास कट्टी गर्न पाउने व्यवस्था गरेको छ ।

Question Bank Nepal

## १.५ लोक सेवा आयोगद्वारा ना.सु. (खुला/समावेशी), २०७१ मा सोधिएका प्रश्नहरु र ती प्रश्नहरुको समाधान

### खण्ड (Section) – A -अक ४०)

### नेपालको सामाजिक, आर्थिक एवं वातावरणीय अवस्था

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions)**

1. नेपालमा के कस्तो हावापानी पाइन्छ ? भौगोलिक बनोटका आधारमा लेख्नुहोस् । (What types of climate is found in Nepal? Write on the basis of geographical situation.) 5
2. नेपालको जलसम्पदाको महत्वबारेमा छोटकरीमा व्याख्या गर्नुहोस् ? (Explain the briefly the importance of water resources of Nepal. ) 5
3. नेपालमा वन विनासका मुख्य मुख्य कारणहरूको चर्चा गर्नुहोस् । (Discuss the main causes of deforestation in Nepal.) 5
4. नेपालको आर्थिक विकासमा पर्यटन व्यवसायको महत्वबारे प्रकाश पार्नुहोस् । (Discuss the importance of tourism for the economic development of Nepal.) 5
5. दश लोपोन्मुख जातिमध्ये ५ (पाँच) जाति र तिनीहरूको बासस्थान रहेको मुख्य मुख्य स्थानहरू उल्लेख गर्नुहोस् । (Write settleling of any five endangered ethnic group along with their name out of ten such group.) 5
6. आद्यौगिक नीति, २०६७ को उद्देश्य उल्लेख गर्नुहोस् । (Dscribe the Objectives of industrial policy, 2067.) 5

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question)**

7. नेपालमा रोजगारीको अवस्था कस्तो छ ? विद्यमान बेरोजगारी समस्या समाधान गर्न के कस्ता उपायहरू अवलम्बन गर्नु पर्दछ ? चर्चा गर्नुहोस । (How is the employment situation in Nepal? What measures can be adopted to solve the existing unemployment problem of Nepal? Explain.) (4 + 6) =10

### खण्ड (Section) – B -अक ३०)

### संवैधानिक व्यवस्था र सरकार

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions)**

8. कानूनको शासन भनेको के हो ? (What is the meaning of rule of law?) 5
9. कानूनका प्रमुख श्रोतहरू के के हुन् ? व्यवस्थापिका निर्मित कानूनलाई किन अन्य कानूनभन्दा महत्वपूर्ण मानिन्छ ? (What are the main sources of law? Why the laws enacted by the legislature is considered more important? Explain.) 5



Question Bank Nepal

10. निर्वाचन प्रणाली अन्तर्गत 'समानुपातिक प्रतिनिधित्व' भनेको के हो ? संविधान सभा निर्वाचन, २०६४ मा समानुपातिक तर्फको निर्वाचन कुन प्रक्रियाबाट भएको थियो ? (What is proportional representation electoral system? What process of election was applied for the proportional representation side of election in the constitutional assembly election 2064?) 5

11. समावेशीकरण र सकारात्मक विभेदका बीचमा रहेका समानता र भिन्नतालाई बुँदागत रुपमा उल्लेख गर्नुहोस् । (What are the similarities and differences between positive discrimination and inclusion. Write in point.) 5

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question)**

12. सुशासन भन्नाले के बुझिन्छ ? नेपालमा सुशासन कायम गर्न नसक्नुका चुनौती र समाधानका उपायहरू उल्लेख गर्नुहोस् । (What is good governance? What are the challenges in establishment of good governance in Nepal and write its solution too.) 10

## खण्ड (Section) – C -अंक ३०)

## सार्वजनिक सेवा सञ्चालन एवं व्यवस्थापन

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions)**

13. कार्यालय व्यवस्थापनका महत्वबारे टिप्पणी लेख्नुहोस् । (Write a short note on the importance of the office management.) 5

14. लेखा परीक्षणको उद्देश्य के हो ? (What is the objectives of Audit?) 5

15. छोटकरीमा लेख्नुहोस् । (Write short notes:) 2 × 2.5 = 5

    (a) कर (Tax) (b) बजेट (Budget)

16. जिन्सी श्रेस्ता प्रणाली भन्नाले के बुझ्नुहुन्छ ? जिन्सी श्रेस्ता प्रणालीका प्रमुख उद्देश्यहरू के के हुन् ? छोटकरीमा व्याख्या गर्नुहोस् । (What do you mean by Inventory record system? What are the main objectives of Inventory record system? Explain in brief. (2+3) = 5

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question)**

17. सार्वजनिक सेवा प्रवाह गर्ने माध्यमका बारेमा लेख्नुहोस् । नेपालमा सार्वजनिक सेवा प्रवाह गर्ने सन्दर्भमा के कस्ता समस्याहरू देखा परेका छन् ? (State the means of providing public service delivery. In Nepal, what problems should be faced while providing such types of service delivery.) (2+2+6) = 10

Question Bank Nepal

# लोक सेवा आयोगद्वारा लिइएको नायब सुब्बा पद (खुला/समावेशी), २०७१ को प्रश्नहरूको समाधान

खण्ड (Section) – A (अंक ४०)

नेपालको सामाजिक, आर्थिक एवं वातावरणीय अवस्था

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions)

१. नेपालमा के कस्तो हावापानी पाइन्छ ? भौगोलिक बनोटका आधारमा लेख्नुहोस् । (What types of climate is found in Nepal? Write on the basis of geographical situation.) 5

**उत्तर :**

**नेपालमा पाईने जलवायु (हावापानी)**

नेपालको भौगोलिक बनोटको आधारमा नेपालको हावापानीलाई पाँच प्रकारमा विभाजन गरी अध्ययन गर्ने गरिन्छ । नेपालको भूस्वरुप, उचाई, पहाड, सामुद्रिक दुरी, वन जंगल आदिले गर्दा यहाँ भूमध्यरेखीय देखि ध्रुवीय हावापानीको झलक पाउन सकिन्छ । भौगोलिक बनोटका आधारमा नेपालमा पाइने हावापानीलाई देहाय अनुसार पाँच समूहमा वर्गीकरण गर्न सकिन्छ :-

१. उष्ण मनसुनी हावापानी
२. न्यायो समशितोष्ण मौसमी हावापानी
३. ठण्डा समशितोष्ण हावापानी
४. लेकाली हावापानी र
५. ध्रुवीय वा हिमाली हावापानी

(क) **उष्ण मनसुनी हावापानी** – नेपालमा समुद्र सतहदेखि १२ सय मिटर अर्थात चार हजार फिट सम्मको उचाईमा पाईने यस हावापानी पाईने क्षेत्रहरूमा तराई, भावर, दुन तथा चुरे क्षेत्र पर्दछन् । गृष्मकालमा यहाँको हावापानी ३८° देखि ४६° सेन्टिग्रेड पुग्दछ भने शीतकालमा १५° देखी ५° सम्म ओर्लिन्छ । वर्षाऋतुमा बंगालको खाडीवाट वहने मनसुनको प्रभावले यस क्षेत्रमा २०० सेन्टिमिटर सम्म वर्षा हुन्छ । उष्ण मनसुनी हावापानी कृषि उत्पादनको लागि अत्यन्तै उपयोगी भएपनि ज्यादै उष्ण एवं शूष्क हुने हुँदा जनस्वास्थ्यको लागी भने प्रतिकुल हुन्छ । ग्रिष्म ऋतुमा राँके हावा अर्थात लु चल्दछ, भने जाडो समयमा शितलहरले जनजीवन नै अस्तव्यस्त गराउँछ ।

(ख) **न्यानो समशितोष्ण मौसमी हावापानी** – नेपालको चुरे तथा महाभारतको १२०० मिटरदेखि २१०० मिटर सम्मको उचाईमा यस किसिमको हावापानी पाइन्छ । यस प्रकारको हावापानी ग्रीष्ममा न्यानो हुन्छ भने शिशिरमा बढी ठण्डा हुन्छ । यस हावापानी पाइने क्षेत्रको औषत तापक्रम २० डिग्री देखि ३० डिग्री सेन्टिग्रेड सम्मको वीचमा रहन्छ । वर्षा कालमा यस क्षेत्रको दक्षिण भागमा १२५ त उत्तरी भेगमा १०० से. मी. वर्षा हुन्छ । जाडो महिनामा बढी जाडोको अनुभव हुने भएता पनि यो हावापानी पाइने क्षेत्रलाई स्वस्थ्यकर जलवायु भएको क्षेत्र मानिन्छ ।

Question Bank Nepal

(ग) **ठन्डा समशितोष्ण हावापानी** – महाभारतको माथिल्लो भाग तथा हिमालयको तल्लो भागमा २१ सय मिटर देखि ३३५० सय मिटर सम्मको उचाईमा यस हावापानी पाईन्छ । ग्रीष्ममा औषत तापक्रम १८ डिग्री देखी २६ डिग्री सेन्टिग्रेडको बीचमा रहने हुँदा शितल हुन्छ । यस हावापानीमा पाईने स्थानमा हिउँदमा सिमित रूपमा हिउँ पर्ने हुँदा बढी जाडो हुन्छ । ग्रीष्ममा मनसुनी वायूले लगभग १०० से. मि. वर्षा गराउंछ । न्युन तापक्रम तथा न्युन वर्षाको कारणले यहाँ कृषि उत्पादन अत्यन्तै कम हुन्छ । जनजीवन कष्टकर भएपनि स्वास्थ्यका दृष्टिले यस्तो हावापानी उपयुक्त हुन्छ ।

(घ) **लेकाली हावापानी** – नेपालको हिमाली क्षेत्रमा समुद्रसतहवाट ३३५० मिटर देखि ५ हजार मिटर अर्थात ११ हजार फिट सम्मको उचाईमा यस हावापानी पाईन्छ । यहाँको तापक्रम ग्रीष्मकालमा १० डिग्री सेन्टिग्रेडसम्म पुग्दछ भने अन्य समयमा ० डिग्री सेन्टिग्रेड भन्दा तल हुन्छ । वर्षा याममा ३० डिग्री से. मि. सम्म वर्षा हुन्छ भने अधिकांश समयमा हिउँ वर्षिन्छ । खेती नहुने भएपनि ठुला घाँसे मैदानका कारण पशुपालन र जडीबुटि व्यवसाय फस्टाएको छ । पर्वतीय दृश्यावलोकन तथा पर्यटकीय गतिविधिको लागि उपयुक्त हुन्छ यस हावापानी पाईने स्थान ।

(ङ) **ध्रुवीय वा हिमाली हावापानी** – नेपालमा समुद्रसतहवाट ५ हजार मिटर अर्थात १६ हजार फीट भन्दा माथि हिमाली क्षेत्रमा पाईने अत्यन्तै चिसो एवं शुष्क हावापानीलाई टुण्ड्रा, ध्रुवीय अर्थात हिमाली हावापानी भनेर चिनिन्छ । वाह्रैमहिना हिमवर्षा हुने यस क्षेत्रमा तापक्रम ० डिग्री सेन्टिग्रेड भन्दा कम हुन्छ । यस किसिमको ध्रुवीय प्रकृतिको हावापानी पाईने हुँदा नेपाललाई तेस्रो ध्रुवको देश पनि भनिन्छ । यस हावापानीमा पाईने भु-भाग निर्जन भुभागको रूपमा रहेको छ । ध्रुवीय हावापानी पाईने भुभागमा काई, लेऊ, झ्याउ जस्ता टुन्ड्रा वनस्पतिमात्र पाइन्छ ।

**फोक्सूण्डो ताल -** समुद्र सतहदेखि ६,३१३ मिटरको उचाईमा डोल्पा जिल्लामा अवस्थीत नेपालको सबैभन्दा गहिरो ताल । जसको गहिराई ६५० मिटर (२ हजार फिट) रहेको छ । लम्बाई ४.२ कि.मी. चौडाइ १.८ कि.मी. रहेको यस ताल फोक्सो आकारको ताल भएकोले फोक्सूण्डो ताल भनिन्छ । रिग्म गाउँमा पर्ने हुँदा यस काललाई रिग्म ताल पनि भनिन्छ । पूर्व-उत्तर तथा दक्षिण तिरबाट मनोरम हिमश्रृंखलाले घेरिएको यस तालको जलस्रोत काञ्जीरोवा हिमालयबाट आउने खोला हुन् । यस तालबाट निस्कने पानीबाट तीन सय फिट लामो सुलीगाड झरना वहन्छ । अत्यन्त चिसोको कारण माछा नपाइने, पानीचरा एवं हाँस नवस्ने भएको यस तालालाई निर्जीव ताल भनिन्छ ।

२. **नेपालको जलसम्पदाको महत्वबारेमा छोटकरीमा व्याख्या गर्नुहोस् ? (Explain briefly the importance of water resources of Nepal. )** **5**

**उत्तर :**

नेपाल प्राकृतिक स्रोत साधनको हिसाबले विश्वमै धनी राष्ट्रको रुपमा चिनिन्छ । अझ प्राकृतिक स्रोत साधनमध्ये जलसम्पदाको सन्दर्भमा त नेपाल विश्वमै ब्राजिल पछिको दोस्रो धनी राष्ट्रको रुपमा रहेको पाइन्छ । नेपालमा रहेका साना ठूला गरी ६ हजार भन्दा बढी नदीनाला, तालतलैया, हिमनदी, भूमिगत जल नै नेपालको जलसम्पदाका स्रोत हुन् । नेपालले जलसम्पदाको पर्याप्त उपयोग गर्न नसकेको वर्तमान अवस्थामा यहाँको जलसम्पदाको महत्व दिनप्रतिदिन बढ्दै गएको छ । *यस बारेमा जानकारीको लागि लोक*



Question Bank Nepal

*सेवा आयोगद्वारा प्रस्तुत गरेको द्वितीय पत्र "सामाजिक आर्थिक अवस्था विषय" को नमुना प्रश्नमध्ये प्रश्न नं. १ को उत्तर हेर्नुहोला ।*

**३. नेपालमा वन विनासका मुख्य मुख्य कारणहरूको चर्चा गर्नुहोस् । (Discuss the main causes of deforestation in Nepal.)** **5**

**उत्तर :**

नेपालमा पाइने प्राकृतिक स्रोत साधनहरूमध्ये वनसम्पदा पनि एक प्रमुख महत्वपूर्ण स्रोत हो । "हरियो वन नेपालको धन" भन्ने प्रचलित युक्तिबाट पनि नेपालको वन सम्पदाको महत्वलाई उजागर गर्दछ । मुलुकका लागि वन सम्पदा अत्यन्त महत्वपूर्ण रहँदा रहँदै पनि विभिन्न प्राकृतिक, मानवीय कारणले गर्दा यहाँका वन जंगल तीव्र रुपमा विनास हुँदै गएको पाइन्छ । वनजंगलको संरक्षणका लागि नेपाल सरकारले विभिन्न कार्यक्रमहरू सञ्चालन गरे पनि आशातित सफलता प्राप्त हुन सकेको पाइँदैन । *यस बारेमा जानकारीको लागि लोक सेवा आयोगद्वारा प्रस्तुत गरेको द्वितीय पत्र "सामाजिक आर्थिक अवस्था विषय" को नमुना प्रश्नमध्ये प्रश्न नं. ३ को उत्तर हेर्नुहोला ।*

**अनुमानित कर (Presumptive Tax)** - यो आयकर संग सम्बन्धित हुन्छ । कुनै करदाताको एकै आय वर्षभित्र कर लाग्ने र कर छुटको कारोवार छ भने सोहीअनुसार दामासाहीले हिसाव गरी अनुमानित कर तिर्नुपर्ने हुन्छ । अनुमानित कर भन्नेको चालू वर्षको सम्भावित कर हो । अनुमानित कर भनेको अर्को अर्थमा किस्तावन्दी कर नै हो । आयआर्जन गरेको आ.व. मा नै आयको पूर्वानुमान गरी तोकिएको अवधिमा तोकिएवमोजिमको रकम किस्तावन्दीका रूपमा अग्रिम दाखिला गर्नुपर्ने हुन्छ, त्यही कर नै अनुमानित कर हो । वास्तविक आम्दानी र खर्चको हिसाव नगरी अनुमानित आम्दानी र खर्चका आधारमा आय विवरण पेस गर्ने व्यवस्थालाई नै अनुमानित कर भनिन्छ ।

**४. नेपालको आर्थिक विकासमा पर्यटन व्यवसायको महत्वबारे प्रकाश पार्नुहोस् । (Discuss the importance of tourism for the economic development of Nepal.)** **5**

**उत्तर :**

व्यापार, मनोरञ्जन वा रमाइलोका लागि गरिने यात्रालाई पर्यटन भनिन्छ । विश्व समाजमा पर्यटन व्यवसाय एक लोकप्रिय एवं महत्वपूर्ण व्यवसायको रुपमा विकास हुँदै आएको छ । नेपालको भौगोलिक, प्राकृतिक तथा सांस्कृतिक विविधता एवम् ऐतिहासिक धरोहरका कारण नेपाल पनि पर्यटकीय गन्तव्यका रुपमा विकास हुँदै आएकोले नेपालको आर्थिक विकासको लागि पर्यटन व्यवसाय Comparative Benefits को क्षेत्रको रुपमा रहेको छ । समग्रमा भन्दा नेपालको आर्थिक विकासमा पर्यटन व्यवसायको महत्वलाई देहायबमोजिम बुँदामा उल्लेख गर्न सकिन्छ :-

- विदेशी मुद्रा आर्जन गर्दै आर्थिक विकासमा सहयोग पुऱ्याउन ।
- नेपालको प्राकृतिक, सांस्कृतिक एवं भौगोलिक विविधता विश्व सामु चिनाई आर्थिक विकासमा टेवा पुऱ्याउन ।
- रोजगारीका अवसरहरू सिर्जना गर्दै मुलुकमा विद्यमान बेरोजगारी कम गर्न ।
- स्थानीय कला, कौशल र सीपमा विकास गर्दै आर्थिक विकासमा अगाडि बढ्न ।

Question Bank Nepal

- अन्तर्राष्ट्रिय सम्पर्कमा वृद्धि गर्दै अन्तर्राष्ट्रिय आर्थिक मञ्चमा उपलब्धीमूलक सहभागिता जनाउन ।
- विदेशी नवीनतम सीप एवं प्रविधिको अनुशरण गर्दै उत्पादकत्व वृद्धि गर्न ।
- प्राकृतिक तथा सांस्कृतिक सम्पदाको विकास गर्दै आर्थिक विकासमा सकारात्मक नतिजा निकाल्न ।
- जनचेतना अभिवृद्धि गर्न एवं जनशक्ति विकासमा योगदान पुऱ्याउन ।
- संस्कृतिको आदानप्रदान मार्फत नेपालको सामाजिक रुपान्तरण गर्दै आर्थिक विकासमा अगाडि बढ्न ।
- अन्तर्राष्ट्रिय मञ्चमा राष्ट्रिय प्रतिष्ठालाई अभिवृद्धि गर्दै लैजान आदि ।

विश्वमा दोस्रो ठूलो उद्योग (पहिलोमा मोटर उद्योग) का रुपमा तीव्र गतिमा फस्टाइ रहेको पर्यटन उद्योग/व्यवसायले नेपालको अर्थतन्त्रमा पनि महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । आर्थिक विकासमा पर्यटन व्यवसायको माथि उल्लेखित समेतको महत्वलाई बुझेर यस व्यवसायलाई आधुनिकीकरण गर्दै लैजान सकेमा नेपालको तीव्र आर्थिक विकासमा सहयोग पुग्ने कुरालाई नकार्न सकिँदैन ।

---

**सती प्रथा –** लोग्ने मरेपछि लोग्नेको चिता सँगैसँगै श्रीमतिले पनि प्राण त्याग गर्नुपर्ने स्वेच्छाले प्राण त्याग गर्न नमानेमा मलामीले लोग्नेको चित्तामा फाली जलाउने चलनलाई सती प्रथा भनिन्छ । नेपालमा प्राचीन कालदेखि नै यस्तो अमानवीय प्रथा विद्यमान रहेको थियो । सती प्रथालाई रोक्न विभिन्न समयमा विभिन्न प्रयास भएका थिए । मानदेव नाबालक भएकोले भारदारहरूको आग्रहमा राज्यवती सती गइनन् भने जंगबहादुरले वि.स. १९१० को मुलुकी ऐन मार्फत १६ वर्ष भन्दा कम उमरकी विधवा, गर्भवती, दासी एव नोकर महिला, १२ वर्ष मुनिका छोराछोरी हुने महिलालाई सती जान कडा प्रतिबन्ध लगाएका थिए । वीरसमशेरको पालामा सरकारसँग अनुमति लिएर मात्र सती जान पाइने नियम बनइयो । चन्द्रसमशेरले वि.स. १९७७ आषाढ (१९२० जुलाई २८) मा सती प्रथालाई पूर्ण प्रतिबन्ध लगाए । हाल नेपालमा सती प्रथा पूर्ण रूपमा प्रचलनमा अन्त्य भै सकेको पाईन्छ ।

---

**५. दश लोपोन्मुख जातिमध्ये ५ (पाँच) जाति र तिनीहरूको बासस्थान रहेको मुख्य मुख्य स्थानहरू उल्लेख गर्नुहोस् । (Write settleling of any five endangered ethnic group along with their name out of ten such group.) 5**

---

**उत्तर :**

आफ्नो छुट्टै मातृभाषा, परम्परा, रीतिरीवाज, छुट्टै संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायलाई आदिवासी तथा जनजाति भनिन्छ । आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५९ ले ५९ आदिवासी जनजातिहरूको पहिचान गरी तिनलाई कानुनी मान्यता प्रदान गरेको छ । उक्त ऐनले नेपालका आदिवासी तथा जनजातिहरूलाई विकसित समूह, सुविधाबाट बञ्चित समूह, सीमान्तकृत समूह, अति सीमान्तकृत समूह र लोपोन्मुख समूह गरी ५ समूहमा प्राथमिकिकरण तथा वर्गीकरण गरेको छ । लोपोन्मुख समूहअन्तर्गत कुसुन्डा, सुरेल, किसान, कुसबाडिया, बन्करिया, हायु,

Question Bank Nepal

लेप्चा, राउटे, राजी र मेचे गरी १० आदिवासी जनजातिहरू पर्दछन् । ती लोपोन्मुख जाति र तिनको बासस्थान तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| लोपोन्मुख जाति | तिनको बासस्थान |
|---|---|
| कुसुन्डा | सल्यान, प्यूठान, दाङ, दैलेख र सुर्खेतका जंगली क्षेत्र |
| सुरेल | दोलखा जिल्लाको सुरी खोलाको किनारी क्षेत्र |
| किसान | पूर्वी नेपालको झापा जिल्लाका धुलाबारी र धाइजन क्षेत्र |
| कुसबाडिया | पश्चिम तराई बाँकेको नेपालगञ्ज र बर्दियाको गुलेरिया क्षेत्र |
| बन्करिया | मकवानपुर जिल्लाको हाँडी खोला क्षेत्र |
| हायु | काभ्रेपलाञ्चोक, सिन्धुली, रामेछाप र सर्लाही जिल्ला |
| लेप्चा | पूर्वी नेपालको इलाम जिल्ला र भारतको सिक्किम, कालिङपोङ र दार्जिलिङ्ग क्षेत्र |
| राउटे | दैलेख, जाजरकोट, सुर्खेत, सल्यान लगायतका मध्यपश्चिमाञ्चलका पहाडी जिल्लाको जंगली क्षेत्रमा फिरन्ते जीवन बिताउने |
| राजी | मध्यपश्चिमाञ्चलको दाङ जिल्लाको दाङ-देउखुरी क्षेत्र |
| मेचे | पूर्वी नेपालको झापा मेची नदी छेउछाउ र भारतको पश्चिम बंगालको डुआर्स क्षेत्र |

**६. आद्यौगिक नीति, २०६७ को उद्देश्य उल्लेख गर्नुहोस् । (Dscribe the Objectives of industrial policy, 2067.)** **5**

औद्योगिक क्षेत्रलाई बढावा दिने उद्देश्यसहित औद्योगिक नीति, २०४९ निर्माण गरिएकोमा सो नीति लागू भएको लामो समयपश्चात् पनि हाम्रो औद्योगिक विकासको स्थितिमा उल्लेखनीय प्रगति हासिल हुन सकेन । त्यसैले छिमेकी मुलुक लगायत विश्वमै तीव्र गतिका साथ औद्योगिक विकासले एकपछि अर्को फड्को मारिरहेको तर नेपालमा औद्योगिक विकासले अपेक्षाकृत गति लिन नसकिरहेको विद्यमान परिवेशमा विगतमा भएका कमी कमजोरीलाई सच्याउँदै द्रुततर औद्योगिक विकासको माध्यमबाट मुलुकको समग्र आर्थिक, सामाजिक क्षेत्रमा सकारात्मक परिवर्तन गर्ने अभिप्रायले समयानुकूल नीतिगत सुधारसहित औद्योगिक नीति, २०६७ जारी गरियो । उक्त नीतिले राखेका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :-

- गुणस्तरीय तथा प्रतिस्पर्धात्मक औद्योगिक उत्पादन एवम् उत्पादकत्व अभिवृद्धिबाट राष्ट्रिय आय र रोजगारीमा बढोत्तरीसहित औद्योगिक वस्तुको निर्यात बढाउने ।
- स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित राष्ट्रिय तथा क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउने ।
- नवीनतम प्रविधि एवं वातावरणमैत्री उत्पादन प्रक्रियालाई प्रयोग गरी उद्योग व्यावसायलाई दिगो एवम् भरपर्दो क्षेत्रको रुपमा स्थापित गर्ने ।
- औद्योगिक विकासका लागि आवश्यक उत्पादनशील जनशक्ति तथा व्यवस्थापकीय क्षमताको विकास गर्दै सबल लगानीको आधार खडा गरी नेपाललाई दक्षिण एसिया क्षेत्र तथा विश्वकै आकर्षक लगानीस्थलको रुपमा स्थापित गर्ने ।

Question Bank Nepal

- औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्ने ।

यहाँ स्मरणीय छ कि यस औद्योगिक नीति, २०६७ लाई समसामयिक परिमार्जन गरी मस्यौदा गरिएको नयाँ औद्योगिक नीति, २०७१ मन्त्रिपरिषद् समक्ष पेश भइरहेको अवस्था छ ।

**विश्व संरक्षण संघ (IUCN) –** प्राकृतिक स्रोतहरूको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाको रूपमा सन् १९४८ मा विश्वसंरक्षण संघ (ICUN) को स्थापना भएको हो । पानी, माटो, भूमि, वायु तथा जीवन पद्धतीसँग सम्वन्धित क्षेत्रमा काम गरी तिनीहरूको संरक्षण गर्ने उद्देश्यले युनेस्को र फ्रान्सको संयुक्त तत्वावधानमा भएको अन्तर्राष्ट्रिय सम्मेलनवाट यस संस्थाको स्थापना भएको थियो । वातावरण र विकासवीच सन्तुलित सम्बन्ध कायम गर्न प्रयासरत यस सघंमा एक सय वीस भन्दा बढी राष्ट्रहरू सदस्य रहेका छन् । IUCN को सदस्यका रूपमा नेपाल सन् १९७३ मा प्रवेश गरेको हो । IUCN को प्रधान कार्यालय स्वीजरल्याण्डको जेनेभामा रहेको छ ।

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following question).**

**७. नेपालमा रोजगारीको अवस्था कस्तो छ ? विद्यमान बेरोजगारी समस्या समाधान गर्न के कस्ता उपायहरू अवलम्बन गर्नु पर्दछ ? चर्चा गर्नुहोस । (How is the employment situation in Nepal? What measures can be adopted to solve the existing unemployment problem of Nepal? Explain.) (4 + 6) =10**

**उत्तर :**

**नेपालमा रोजगारीको अवस्था**

रोजगारीको अवस्था भन्नाले काम, पेसा, इलम वा व्यवसायमा व्यस्त रहेको/भएको अवस्थालाई बुझिन्छ । नेपालमा रोजगारीको अवस्था नाजुक रहेकोले मुलुकमा २३.८ प्रतिशत जनता अझ गरिबीको रेखामुनी रही बाँच्न बाध्य छन् । स्वदेशमा पर्याप्त रोजगारीको अवसरहरू सिर्जना हुन नसक्दा रोजगारीका लागि प्रतिदिन करिब १५०० नेपाली विदेश जाने गरेको पाइन्छ । छिमेकी देश भारतमा समेत गरी करिब ३५ लाख नेपाली रोजगारीका लागि विदेशमा रहेको अवस्था छ । नेपालमा प्रतिवर्ष ४ लाख भन्दा बढी श्रम युवा बजारमा प्रवेश गर्ने भएता पनि रोजगारी वृद्धिदर भने करिब ३ प्रतिशतमा मात्र सीमित रहनुबाट नेपालमा रोजगारीको अवस्था एकदमै नाजुक रहेको स्पष्ट हुन्छ । त्यस्तै गरी वैदेशिक रोजगारीका लागि MRP बनाउने लाइन, त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा रोजगारीका लागि जाने भीड तथा नेपाली अर्थतन्त्र वैदेशिक रोजगारीबाट प्राप्त हुने Remittance बाट धानिएको अवस्था समेतले नेपालमा पर्याप्त रोजगारीका अवसरहरू नभएकोले नेपाली जनता रोजगारीका लागि विदेशी भूमिमा धाउनु पर्ने यथार्थतालाई सहजै अनुमान गर्न सकिन्छ ।

वैदेशिक रोजगारीको लागि हालसम्म १०९ मुलुक खुल्ला गरिएको, आर्थिक वर्ष २०६९/७० सम्म नेपालबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा (भारत बाहेक) जानेहरूको सङ्ख्या करिब ३० लाख पुगेको, मुख्य मुख्य गन्तव्य मुलुकहरूमा श्रम सहचारीको व्यवस्था गरिएको, केही गन्तव्य मुलुकहरूमा सुरक्षित गृह स्थापना गरिएको, वैदेशिक रोजगारीमा गई फर्किएका महिला कामदारहरूलाई उद्यमशीलता तालिम प्रदान

गरी स्वरोजगारका लागि प्रेरित गरिएको, अन्तर्राष्ट्रिय श्रम संगठनवाट पारित भएका अभिसन्धिहरूमध्ये नेपाल सरकारवाट अनुमोदन भएका विभिन्न ११ वटा अभिसन्धिहरूको नियमित प्रतिवेदनहरू पठाइएको, नेपाल सरकारवाट अनुमोदन नभएका अन्तर्राष्ट्रिय श्रम संगठनका अभिसन्धिहरूको सम्बन्धमा समय समयमा माग भए बमोजिमका प्रतिवेदनहरू पठाउने गरिएको, श्रम तथा रोजगार मन्त्रालय अन्तर्गतको व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरू मार्फत् वार्षिक करिब २० हजार युवाहरूलाई विभिन्न विषयका श्रम प्रधान तालिमहरू प्रदान गर्ने गरिएको छ ।

**विद्यमान बेरोजगारी समस्या समाधान गर्ने उपायहरू**

- देशमा राजनीतिक स्थिरता कायम गरी निजी क्षेत्र, उद्योग, व्यापार, व्यवसाय एवम् सेवा क्षेत्रको विकासका लागि अनुकूल वातावरणको सिर्जना गर्ने,
- वैज्ञानिक, व्यावसायिक, व्यहावरिक एवम् प्राविधिक शिक्षा प्रणाली मार्फत दक्ष जनशक्ति उत्पादनका लागि शैक्षिक नीति बनाउने,
- कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण गर्न ठोस कदम चाल्नुपर्ने,
- औद्योगिक क्षेत्रमा शान्ति सुरक्षा एवम् खराब श्रम सम्बन्धका कारण कतिपय Multinational Company ले आफ्नो लगानी फिर्ता गरिरहेको अवस्थामा शान्ति सुरक्षा एवम् सुमधुर सम्बन्ध निर्माण गरी लागनीमैत्री वातावरण सिर्जना गर्ने,
- विभिन्न किसिमका उद्यमशीलता विकास एवम् सीप विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी युवाहरूलाई स्वरोजगार बन्न प्रेरित गर्ने,
- रोजगारीका लागि आवश्यक आर्थिक एवम् व्यवस्थापकीय सहयोग उपलब्ध गराई सक्षम, सीपयुक्त जनशक्तिहरू वैदेशिक रोजगारीमा पठाउने,
- बढ्दो जनसङ्ख्या नियन्त्रणका लागि प्रभावकारी उपायहरू अपनाउने,
- वैज्ञानिक भूमिसुधार सम्बन्धी व्यवस्था लागू गर्ने,
- गैर आवासीय नेपालीहरूलाई लगानीका लागि उत्प्रेरित गरी श्रम बजारको विस्तार गर्ने,
- स्वावलम्बन तथा स्वरोजगारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने,
- कृषि तथा गैर कृषि क्षेत्रको लगानीमा रोजगारमूलक प्रविधिलाई प्रोत्साहन गर्ने,
- रोजगारीतर्फको माग र आपूर्तिबीच सन्तुलन ल्याउन आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने,
- सरकार रोजगारदाता, मजदुरबीचको त्रिपक्षीय संयन्त्रलाई प्रभावकारी बनाउन आवश्यक संस्थागत सुदृढीकरण गर्ने,
- वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउन थप मुलुकहरूसँग श्रम सम्झौता गर्नुपर्ने,
- वैदेशिक रोजगारीलाई सहज एवं पहुँच योग्य बनाउने आवश्यक नीतिगत एवं संस्थागत संरचनामा सुधार गर्नुपर्ने,
- वैदेशिक रोजगारीलाई सुरक्षित गन्तव्यको रुपमा विकास गर्नको लागि थप मुलुकसँग श्रम सम्झौता गर्ने र विदेशबाट भित्रिने Remittance लाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने आदि ।

Question Bank Nepal

**सर एडमण्ड हिलारी** - यिनको जन्म सन् १९१९ मा न्यूजिल्याण्डको अकल्याण्डमा भएको थियो । ८८ वर्षीय हिलारीको निधन हृदयघातको कारणलसन् २००८ जनवरी ११ तद्नुसार २०६४ पौष २७ गते अक्ल्याण्ड अस्पतालमा भएको हो । शुरुमा मौरीपालन पेशामा लागेका हिलारी पछि पर्वतारोहणमा लाग्नु भएको थियो । सन् १९५६ मे २९ मा नेपालका तेन्जिङ्ग नोर्गेका साथ हिलारीले पहिलो पटक सगरमाथाको सफल आरोहण गर्नु भएको थियो । हिलारीले हिमालयन ट्रस्ट स्थापना गरी नेपालको सगरमाथा क्षेत्रमा १७ स्कूल ६२ स्वास्थ्य चौकी भवन, पुल, मैदान, बाटो स्थापना गरि दिनु भएको छ । हिलारीलाई "नेपालको हिमाली क्षेत्रको शिक्षा र विकासको पर्यायवाची" को रूपमा लिइन्छ । नेपाल सरकारले हिलारीलाई सन् २००३ मा 'मानार्थ नागरिकता' प्रदान गरेको थियो । नेपालका लागि न्यूजिल्याण्डको राजदुत समेत रहनुभएका हिलारी तथा तेन्जिङको नाममा टानले ५० हजारको हिलारी-तेन्जीङ वृत्तचित्र पुरस्कार तथा २५ हजार रासीको तेन्जिङ-हिलारी शोध तथा अनुसन्धान पुरस्कार स्थापना गर्ने घोषणा गरेको छ । हिलारीले सर जोन हन्टसँग मिलेर 'द एस्केन्ट अफ एभेरष्ट' नामक पुस्तक लेख्नु भएको छ । नेपाल सरकारले सोलु को फाप्लु विमानस्थललाई तेन्जिङ-हिलारी विमानस्थल नामाकरण गरेको छ ।

## खण्ड (Section) – B -अक ३०)

## संवैधानिक व्यवस्था र सरकार

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions)**

**८. कानूनको शासन भनेको के हो ? (What is the meaning of rule of law?) 5**

उत्तर :

संकुचित अर्थमा कानूनको शासन भन्नाले व्यक्तिको नभई कानूनको शासनलाई जनाउँछ । भने विस्तृत अर्थमा कानूनको शासन भन्नाले आवधिक निर्वाचनद्वारा निर्वाचित जनउत्तरदायी प्रतिनिधिहरूद्वारा बनाइएको र न्यूनतम स्तरयुक्त कानून बमोजिम शासन गरिनुपर्ने र हुकुमी शासनको अन्त्य गरिनुपर्ने धारणालाई जनाउँछ । *यस बारेमा विस्तृत जानकारीको लागि लोक सेवा आयोगद्वारा २०७० (खुला/समावेशी) सालमा सोधिएको द्वितीय पत्र "सामाजिक आर्थिक अवस्था विषय" को प्रश्न नं. ११ को उत्तर हेर्नुहोला ।*

**९. कानूनका प्रमुख श्रोतहरू के के हुन् ? व्यवस्थापिका निर्मित कानूनलाई किन अन्य कानूनभन्दा महत्वपूर्ण मानिन्छ ? (What are the main sources of law? Why the laws enacted by the legislature is considered more important? Explain.) 5**

उत्तर :

**कानुनका प्रमुख श्रोतहरू :**

सामान्यतया कानुन निर्माण गर्ने आधार, पद्दति, अधिकारी तथा क्षेत्र आदिलाई नै कानुनको स्रोत भनिन्छ । प्रथा-परम्परा, विधायन, नजीर, व्यवसायीहरूको राय, न्यायिक तर्क, न्यायिक लेखन, चीरभोग, समन्याय तथा सद्विवेक नै कानुनका स्रोत हुन् । तीमध्ये पनि प्रथा, विधायन र नजीरलाई कानुनको प्रमुख स्रोतहरूको रुपमा लिने गरिन्छ । यी स्रोतहरूको बारेमा जानकारीको लागि *लोक सेवा आयोगद्वारा प्रस्तुत गरेको द्वितीय पत्र "सामाजिक आर्थिक अवस्था" विषयको नमुना प्रश्नहरूमध्ये ११ नं. को प्रश्नको उत्तर हेर्नुहोला ।*



Question Bank Nepal

**व्यवस्थापिका निर्मित कानुनको महत्व :**

कानुन फरक फरक हैसियत र प्रकारका हुन्छन् । कानुन विभिन्न प्रक्रिया तथा निकायबाट तर्जुमा गरी कार्यान्वयनमा ल्याउने गरिन्छ । ती कानुनहरू मध्ये पनि विधायिकाले बनाएको कानुन सर्वशक्तिमान मानिन्छ । यसरी विधायिकाले बनाएको कानुनलाई सर्वशक्तिमान मान्नु पर्नाको प्रमुख कारणहरू बारेमा *जानकारीको लागि लोक सेवा आयोगद्वारा २०६९ (खुला) सालमा सोधिएको द्वितीय पत्र "सामाजिक आर्थिक अवस्था विषय" को प्रश्न नं. ९ को उत्तर हेर्नुहोला ।*

**रारा दह (महेन्द्र ताल)** – नेपालको सबभन्दा ठूलो ताल रारा दहलाई महेन्द्र ताल पनि भनिन्छ । कर्णालीको मुगु जिल्लामा समुद्री सतहबाट ३२०० मिटरको उचाईमा यो ताल अवस्थीत छ । रारादहको लम्बाई ५.२ कि.मी. चौडाइ २.४ कि.मी. गहिराई १६७ मिटर तथा क्षेत्रफल १०.८ वर्ग कि.मी. रहेको छ । चारैतिर रारा राष्ट्रिय निकुञ्जको हरियालीले घेरिएको शान्त वातावरण, स्वच्छ निर्मल जल युक्त यस ताल असला माछाको क्रिडा स्थल हो । रारा तालमा सिस्ने तथा काञ्जीरोवा हिमालको मनोरम छाँया देखिन्छ । रारादहको पानी निसृत भएर खत्याड खोला बनेको छ ।

१०. **निर्वाचन प्रणाली अन्तर्गत 'समानुपातिक प्रतिनिधित्व' भनेको के हो ? संविधान सभा निर्वाचन, २०६४ मा समानुपातिक तर्फको निर्वाचन कुन प्रक्रियाबाट भएको थियो ? (What is proportional representation electoral system? What process of election was applied for the proportional representation side of election in the constitutional assembly election 2064?)** **5**

उत्तर :

**निर्वाचन प्रणाली अन्तर्गत समानुपातिक प्रतिनिधित्व**


- समानुपातिक प्रतिनिधित्व प्रणालीलाई लोकतन्त्रको एक प्रमुख आधारस्तम्भको रुपमा लिईन्छ । त्यसैले लोकतन्त्रमा राज्यका सबै अंगहरूमा राज्यका सबै क्षेत्र, वर्ग, जातजातिका जनताको प्रतिनिधित्व सुनिश्चित हुनु अनिवार्य मानिन्छ ।
- देशका सबै वर्ग, क्षेत्र, समुदाय र जातजातिको हैसियत अनुसार शासकीय क्रियाकलापमा संलग्न गराउने निर्वाचन पद्धतिलाई समानुपातिक प्रतिनिधित्व प्रणाली भनिन्छ ।
- यसले अल्पसंख्यक तथा सीमान्तकृत समुदाय, वर्ग तथा पिछडिएको क्षेत्रका व्यक्तिहरूलाई पनि अन्य समुदायका व्यक्ति सरह सार्वजनिक मामिलाहरूमा समानुपातिक प्रतिनिधित्वका आधारमा सहभागी बन्न पाउने कुराको सुनिश्चिततामा जोड दिन्छ ।
- समानुपातिक प्रतिनिधित्व प्रणाली मुलत : आवधिक निर्वाचन संग सम्बन्धित तुलनात्मक रुपमा नवीनतम मूल्य मान्यता हो । तथापी पछिल्लो समयमा देशका निजामती, सैनिक, प्रहरी र अन्य सार्वजनिक सेवामा समेत यस प्रणालीलाई अवलम्बन गरेको पाइन्छ ।
- यस प्रणाली अनुसार निर्वाचन गर्दा सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने, त्यसरी दलले प्राप्त गरेको मतको अनुपातमा विजयी उम्मेदवार तय गरिन्छ ।

QuestionBankNepal

- नेपालमा पहिलो पटक समानुपातिक प्रतिनिधित्व प्रणाली विघठित संविधान सभा निर्वाचन, २०६४ मा अपनाइएको थियो । त्यस्तै गरी दोस्रो संविधान सभा निर्वाचन, २०७० मा समेत यही निर्वाचन प्रणाली अंगीकार गरिएको थियो ।
- विशेषत: नेपाल जस्तो विविधतापूर्ण समाजमा सबैको प्रतिनिधित्व गराउन संविधानसभा निर्वाचन साथै आवधिक निर्वाचनमा यो प्रणाली अपनाउन उपयुक्त मानिन्छ ।

**संविधान सभा निर्वाचनमा समानुपातिक तर्फको निर्वाचनमा अवलम्बन गरिएको पद्दति**

निर्वाचन सन्दर्भमा मूलत: सदर मतको हिस्सा र सोही बराबरको अनुपातमा विधायिकीय स्थानमा हुने रूपान्तरण नै समानुपातिक प्रतिनिधित्व प्रणाली हो । विविधतापूर्ण समाजमा सबैको प्रतिनिधित्व गराउन अवलम्वन गरिने यो प्रणालीलाई दलहरूले प्राप्त गरेको मतको अलावा सामाजिक, सांस्कृतिक परिवेशका सन्दर्भमा समेत हेर्ने गरेको पाईन्छ । निर्वाचन सन्दर्भबाट हेर्दा समानुपातिक प्रतिनिधित्व प्रणाली मूलत: देहाय बमोजिम २ प्रकारको हुन्छ ।




माथि उल्लेखित समानुपातिक प्रतिनिधित्व प्रणालीका प्रकारमध्ये सूची समानुपातिक प्रणाली (List Proportional Representation System) नेपालमा २०६४ र २०७० मा भएका दवै संविधान सभामा समानुपातिक तर्फको निर्वाचनमा अवलम्बन गरिएको थियो । उक्त पद्दति बारे तल संक्षिप्तमा उल्लेख गरिएको छ ।

**सूची समानुपातिक प्रणाली (List Proportional Representation System)** - यस निर्वाचन प्रणाली अनुसार राजनीतिक दलहरूले उम्मेदवारहरूको एकीकृत सूची सिंगो निर्वाचन क्षेत्रको लागि प्रस्तुत गर्दछन् । मतदाताले दल/निर्वाचन एकाईको नाममा मत दिन्छन्, भने निर्वाचन एकाईहरूले प्राप्त मतको अनुपातमा विधायिकी अंगमा प्रतिनिधित्व प्राप्त गर्दछन् । यस प्रणालीमा उम्मेदवारहरूको एकीकृत सूचीहरू बन्द, खुला तथा स्वतन्त्र कुनै प्रकारको हुनसक्दछ । यसमा कुनै राजनीति दलको उमेदवार/व्यक्तिलाई मत नहाली निर्वाचन दल एकाईलाई मतदान गरिन्छ र सदर मतको हिस्साअनुसार दलले स्थान प्राप्त गर्दछन् ।

समानुपातिक प्रतिनिधित्व प्रणाली आफैमा जटिल निर्वाचन प्रणाली भएतापनि यस प्रणाली अन्तर्गतको सूची समानुपातिक प्रणालीलाई तुलनात्मक रुपमा सरल,कम खर्चिलो, संहभागितामूलक, अल्पमतको कदर हुने, व्यक्तिगत खर्च नहुने र व्यवस्थापनमा सरल हुने निर्वाचन प्रणालीका रुपमा लिने गरेको पाईन्छ । स्वतन्त्र उमेदवारको अस्तित्व नरहने, व्यक्तिगत स्वतन्त्रताको हनन, निर्वाचनमा दलीय नियन्त्रण, ठूलो देशका लागि अव्यवहारिक, दलीय निरंकुशता बढ्दै जाने, मतदाता र जनप्रतिनिधि वीच निकट सम्बन्धको अभाव जस्ता विषय यस प्रणालीका दुर्वल पक्षका रुपमा रहेको पाईन्छ ।

Question Bank Nepal

**सिरुवा पावनी पर्व** - नववर्षको उपलक्ष्यमा पूर्वी नेपालका राजवंशीले मनाउने पर्व । आफ्ना कुलदेवताको पूजा गरी हिलो तथा रंग छ्यापाछ्याप गरी मनाउने पर्व । यस पर्वको बेलामा लसुन तथा प्याज घर बाहिर झुण्डाइन्छ । यस पर्वमा राजवंशीका कूल देवता ठाकुर र टिष्टा नदीको पूजा गरिन्छ । सात प्रकारका तरकारी मिसाएको सागसब्जी खाने चलन छ । सिरुवा पर्वको अवसरमा हाटमेला गर्ने, गानवजान गरी रंगारंग नृत्य पनि गरिन्छ । यस पर्वका दिन नेपाल सरकारले सुनसरी, मोरङ्ग र झापा तीन जिल्लामा राष्ट्रिय विदा दिन्छ ।

११. **समावेशीकरण र सकारात्मक विभेदका बीचमा रहेका समानता र भिन्नतालाई बुँदागत रुपमा उल्लेख गर्नुहोस् । (What are the similarities and differences between positive discrimination and inclusion. Write in point.)** **5**

**उत्तर :**

राष्ट्रको मूलधारमा समावेश हुन नसकेका समूह, वर्ग, सम्प्रदाय, जात, जाति, धर्म, लिंग र भाषा भाषीका व्यक्तिहरूलाई राष्ट्रको मूलधारमा समावेश गरी शक्ति,स्रोत र अवसरमा न्यायोचित साझेदारी सुनिश्चित गर्नु नै समावेशीकरणको अवधारणा हो । त्यस्तै गरी सकारात्मक विभेद (Positive Discrimination) भन्नाले समाजिक, सांस्कृतिक, आर्थिक तथा राजनैतिक बञ्चितीकरणमा परेका वर्गलाई राज्यको मूलधारमा ल्याउनको लागि त्यस्ता वर्गलाई छुट्टै अवसरको सिर्जना गर्नुलाई बुझिन्छ । समावेशीकरण र सकारात्मक विभेदबीचमा रहेका समानता र भिन्नतालाई देहायअनुसार प्रस्तुत गरिएको ।

**समानताहरू :**

- दुवैले सामाजिक न्याय कायम गर्न मद्दत पुऱ्याउने उपाय एवं माध्यमका रुपमा कार्य गर्दछन् ।
- दुवैले सामाजिक रुपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याउँदछन् ।
- दुवैले साधन, स्रोत र अवसरको समान वितरण गर्ने कार्यमा सहयोग गर्दछन् ।
- दुवै तुलनात्मक रुपमा नवीनतम अवधारणाहरू हुन् ।
- दुवैले पहिचान, प्रतिनिधित्व र पहुँचको मान्यता राख्ने गर्दछन् ।
- दुवैले राज्य सञ्चालनका हरेक पक्षमा सहभागिताको वकालत गर्दछन् ।
- दुवैको लक्षित वर्ग, क्षेत्र एवं आधार एउटै हुन सक्दछन् ।
- दुवै बहिष्करण (Exclusion) विरुद्ध लड्ने रणनीतिको रुपमा विकास भएका अवधारणाहरू हुन् ।
- नेपालमा वर्तमान समयमा संवैधानिक एवं कानुनी रुपमा दुवै अवधारणाहरूलाई अवलम्बन गरिएको पाइन्छ ।

**भिन्नताहरू :**

| समावेशीकरण | आधार | सकारात्मक विभेद |
|---|---|---|
| सकारात्मक र नकारात्मक दुवै अवधारणामा आधारित । | **अवधारणा** | सकारात्मक अवधारणामा मात्र आधारित । |
| सङ्ख्यात्मक र गुणात्मक दुवै पक्षमा जोड । | **गुणात्मकता** | गुणात्मक पक्षमा मात्र जोड । |
| लक्षित वर्गको सार्थक सहभागिताको | **सुनिश्चितता** | लक्षित वर्गको सार्थक |



Question Bank Nepal

| | | |
|---|---|---|
| सुनिश्चितता गर्न नसक्ने। | | सहभागिताको सुनिश्चितता गर्न सक्ने। |
| सरोकारवाला सबैको सक्रिय सहभागितामा जोड। | **सहभागिता** | लक्षित वर्गको सहभागिता एवं प्रवेशका लागि उक्त वर्गको लागि लचिलो व्यवस्था गर्ने कुरामा जोड। |
| वृहत क्षेत्र समेट्ने अवधारणा | **क्षेत्र** | संकुचित अवधारणा (समावेशीकरणको एक माध्यम) |
| दीर्घकालीन | **समय पक्ष** | अल्पकालीन |
| समावेशीकरण राज्यको लक्ष्य हो। | **लक्ष्य/साधन** | सकारात्मक विभेद लक्ष्यमा पुग्न अपनाइने साधन हो। |
| नागरिकमा आफ्नो पहिचानप्रति गर्व महसुस हुने। | **असर** | नागरिकमा हिनताबोधको भावना पनि विकास हुन सक्छ। |
| समावेशीकरण सशक्तिकरण, क्षमता विकास, तालिम एवं सकारात्मक विभेदीकरणबाट प्राप्त गर्न सकिने। | **प्राप्ती** | सकारात्मक विभेद, आरक्षण, थप सहुलियत, आवश्यक छुट सुविधा आदि प्रदान गरिने आदि। |

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस्।** **(Write long answer of the following question)**

१२. **सुशासन भन्नाले के बुझिन्छ ? नेपालमा सुशासन कायम गर्न नसक्नुका चुनौती र समाधानका उपायहरू उल्लेख गर्नुहोस्। (What is good governance? What are the challenges in establishment of good governance in Nepal and write its solution too.)** **10**


**सुशासन (Good Governance)**

- सामान्य अर्थमा कुशासन अर्थात् नराम्रो शासनको विपरितको राम्रो अर्थात उम्दा, जाति, वंश, उत्तम असल शासन नै सुशासन हो। यसलाई राजनैतिक तथा प्रशासनिक विकृति विनाको शासनको रुपमा पनि चित्रण गर्ने गरिन्छ।
- अर्को शब्दमा राज्यले नागरिकलाई उपलब्ध गराउने विकासको फल एवं सार्वजनिक सेवा सुविधाहरू सरल, छिटो छरितो, पारदर्शी एवं न्यायिक तरिकाले उपलब्ध गराई नागरिकलाई शासनको सुखद अनुभूती दिलाउने कार्यलाई सुशासन (Good Governance) भनिन्छ।
- सन् १९८० को दशकमा मूलत: अफ्रिकाको सव सहराना क्षेत्रका विकासशील देशहरूमा भ्रष्टाचार, अनुत्तरदायी शासन, अपारदर्शिता, अप्रभावकारिता र मानव अधिकारको सम्मानको कमीजस्ता विशेषता भएको खराब शासन प्रवृत्तिले गर्दा विकास र प्रगति ठप्प भई भयावह स्थितिको सिर्जना भएकोले सन् १९९० को दशकदेखि दिगो विकास र गरिबी न्यूनीकरणका लागि अनिवार्य अवाश्यकताका रुपमा पश्चिमी दातृ मुलुक एवं अन्तर्राष्ट्रिय संस्थाहरूले सुशासनको अवधारणालाई अगाडि सारेका हुन्।
- सन् १९९५ को सामाजिक विकास सम्बन्धी विश्वसम्मेलन ले समाजका सबै क्षेत्रका प्रजातान्त्रिक, पारदर्शी, उत्तरदायीपूर्ण शासन प्रणाली सामाजिक र मानव केन्द्रित दिगो

Question Bank Nepal

विकासका अभिन्न आधारशिलाहरू हुन् भन्ने उद्‌घोष गरेपछि सुशासन सम्बन्धी अवधारणाले विश्वव्यापी रुपमा स्थान पाउँदै गएको हो ।

- सुशासनले नागरिकहरूको क्षमता तथा सबलताका मार्गहरू प्रशस्त गर्नेतर्फ शासकीय अधिकारको प्रयोग गर्नुपर्ने कुरामा जोड दिँदै यसले जनतालाई उपलब्ध गराउने सेवा प्रवाहमा गुणस्तरीयता एवं प्रभावकारिता बढाउने प्रमुख उद्देश्य राखेको हुन्छ ।
- विश्व बैंकले सुशासनको सन्दर्भमा कानुनको शासनलाई जोड दिँदै सुशासनका सूचकहरूको रुपमा आवाज र उत्तरदायी, राजनैतिक स्थिरता र अहिंसा, विधिको शासन, सरकारको प्रभावकारिता, व्यवस्थापकीय गुणस्तर, अनि भ्रष्टाचार नियन्त्रण पक्षहरू उल्लेख गरेको पाइन्छ ।
- समग्रमा सुशासन एउटा यस्तो शासन व्यवस्था हो, जसमा विधिको पूर्ण पालना, दण्डहिनताको अन्त्य, जनमुखी एवं पारदर्शी सरकार, गुणस्तरीय विकास पथमा अग्रसरता र अनुशासनको पालना भई शासन व्यवस्था सुव्यवस्थित रुपमा सञ्चालन हुने गर्दछ भन्न सकिन्छ ।




**नेपालमा सुशासन कायम गर्न नसक्नुका चुनौतीहरू :**

सुशासन आजको समकालीन विश्वकै सबैभन्दा बढी चर्चा र आवश्यकता अवधारणाको रुपमा रहेको छ । सुशासनले नै शासन व्यवस्थाको सबलीकरण गरी जिम्मेवार र जवाफदेही बनाउने हुँदा नेपालको अन्तरिम संविधान, २०६३ ले सुशासनलाई राज्यको आदर्शतम गन्तव्य हासिल गर्नेतर्फ परिचालित गर्ने प्रयास गरेको छ । नेपालमा सुशासन कायम गर्न संवैधानिक व्यवस्थाका अलावा विभिन्न कानुनी एवं संस्थागत व्यवस्था समेत गरिएको छ । तथापि मुलुकमा सुशासन कायम हुन सकेको अवस्था भने छैन । मुलुकमा सुशासन कायम गर्न नसकिने स्थिति आउनुमा मुलतः निम्न राजनीतिक, प्रशासनिक, वित्तीय एवं न्यायिक चुनौतीहरू जिम्मेवारी रहेको पाइन्छ ।

- राजनीतिक अस्थिरताको कारण सरकार तथा सार्वजनिक नीतिमा स्थिरता आउन नसक्नु,
- सरकार अस्थिर भएकोले यस्तो सरकार सबल, जिम्मेवार, जवाफदेही एवं कार्यान्मुख हुन नसक्नु,

Question Bank Nepal

- ऐन कानुनको पूर्ण पालना हुन नसक्दा विधिको शासन कायम हुन नसकी दण्डहिनताले प्रश्रय पाउनु,
- सुशासन कायम गर्ने संस्थाहरूका क्रियाकलापहरू आवश्यकता अनुसार प्रभावकारी हुन नसक्नु,
- स्थायी सरकारको रुपमा रहेको निजामती सेवा व्यवहारमै सेवा एवं विकासमैत्री हुन नसक्नु,
- समग्र सार्वजनिक प्रशासनको नैतिकताको अभिवृद्धि गरी उत्प्रेरणा बढाउन नसक्नु,
- कानुनी रुपमा तोकिएको दिनमा बजेट प्रस्तुत गर्ने र सो बजेट समयमा नै पारित गर्ने व्यवस्था मिलाउन नसक्नु,
- आन्तरिक एवं अन्तिम लेखापरीक्षण र नियन्त्रणलाई प्रभावकारी बनाउन नसक्नु,
- असारे विकासको मोडल अर्थात् आर्थिक वर्षको अन्त्यमा बजेटको पचास प्रतिशतभन्दा बढी खर्च गर्ने प्रवृत्तिको अन्त्य गर्न नसक्नु,
- सार्वजनिक खर्चलाई पूर्णत पारदर्शी बनाई खर्चमा मितव्ययिताका साथै दक्षता कायम गरी लगानी अनुसारको प्रतिफलतको प्रत्याभूति गराउने कार्य गर्न नसक्नु,
- न्यायिक अनुशासन क्रमश: खल्बलिँदै गई न्यायलयमा भ्रष्टाचार मौलाउँदै गएकोमा सो रोक्न नसक्नु,
- स्थानीय निकाय सवल र सक्षम हुन नसक्दा विकेन्द्रीकरण प्रभावकारी हुन नसक्नु,
- निजी क्षेत्र सवल र सक्षम हुन नसक्नु तथा नागरिक समाजका गतिविधि प्रभावकारी हुन नसक्नु,
- उपलब्ध सीमित साधन स्रोतलाई अधिकतम प्रतिफल हासिल गर्ने गरी प्रभावकारी रुपमा परिचालन गर्न नसक्नु,
- विकास निर्माण कार्यमा पर्याप्त जनसहभागिता गराउँदै सेवाग्राही जनतामा चेतनाको अभिवृद्धि गर्न नसक्नु आदि ।

**नेपालमा सुशासन कायम गर्नमा रहेका चुनौती समाधानका उपायहरू :**

- राजनैतिक स्थिरता कायम गरी आवधिक रुपमा स्थीर एवं कार्यमुखी सरकार गठन तर्फ अग्रसर हुने,
- राजनीतिक दलहरूमा मौलाउँदै गएको भ्रष्टाचारजन्य प्रवृति अन्त्य गर्दै सुशासन कायम गर्नका लागि राजनीतिक दलहरू जिम्मेवार र जवाफदेही बन्ने,
- मौजुदा ऐन-कानुनहरूलाई समयसापेक्ष सुशासनमैत्री बनाउदै ती ऐन-कानुनहरूको पूर्ण पालना गरेर कानुनी शासन लागू गर्ने,
- सुशासन कायम गर्ने संस्थाहरूका क्रियाकलापहरू आवश्यकता अनुसार प्रभावकारी बनाउँदै सुशासन कायम गर्न यी निकायहरूलाई संक्षम गराउँदै लैजाने,

Question Bank Nepal

- निजामती, प्रहरी, सेना लगायतका राष्ट्रसेवक संयन्त्रहरूलाई सवल एवं सक्षम बनाउँदै जनताप्रति जिम्मेवार र जवाफदेही हुने सेवाग्राहीमैत्री संयन्त्रको रुपमा विकास गर्ने,
- भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलताको नीतिलाई कडाईका साथ व्यवहारिक रुपमै लागु गरी भ्रष्टाचार एवम् अनियमित कार्य गर्नेलाई संरक्षण नगरी कडा कारबाही गर्ने,
- आन्तरिक एवं अन्तिम लेखापरीक्षण र नियन्त्रणलाई प्रभावकारी बनाउदै असारे विकासको मोडलको अन्त्य गर्न आ.व. को शुरु बैशाख बाट गर्ने व्यवस्था मिलाउने,
- विकेन्द्रिकरणको मर्म अनुसार अधिकारको पूर्ण निक्षेपण गरेर स्थानीय निकार्यलाई स्थानीय जनताप्रति जिम्मेवार र जवाफदेही बनाउने,
- सुशासन कायम गर्न गरिने क्रियाकलापहरूमा निजी क्षेत्र एवं नागरिक समाजसँग प्रभावकारी सहकार्य गर्ने,
- न्यायिक अनुशासन क्रमश: खल्बलिँदै गंई न्यायलयमा भ्रष्टाचार मौलाउँदै गएकोले न्यायालयको पवित्रतामा जोड दिने क्रियाकलाप सञ्चालन गर्ने,
- विकास निर्माणका क्रियाकलापहरूमा नागरिक संलग्नतामा जोड दिँदै नागरिक एवं नैतिक शिक्षामार्फत नागरिक सचेतना एवं सदाचारको विकास गर्ने,
- उपलब्ध सीमित साधन स्रोतलाई अधिकतम प्रतिफल हासिल गर्ने गरी प्राथमिकता प्राप्त क्षेत्रमा कुशल परिचालनको व्यवस्था मिलाउने आदि ।

अन्त्यमा, सार्वजनिक जवाफदेहीता, पारदर्शिता, कानूनी शासन, विकेन्द्रीकरण, स्वतन्त्र एवं सक्षम न्यायप्रणाली, आधारभूत मानव अधिकारको प्रत्याभूति, वैधानिकता, जनसहभागिता, सुरक्षाको प्रत्याभूति सहितको शासनलाई नै सुशासन भनिन्छ । राज्य संयन्त्रका हरेक अंगबाट जनमुखी कार्य भएमा मात्र सुशासनको अवस्था सिर्जना हुन सक्दछ । नेपालको सन्दर्भमा अस्थिर सरकार, अस्थिर नीति, कानुन पालनाको अभाव, न्यायायिक अपवित्रता, कमजोर कार्यान्वयन संयन्त्र, भ्रष्टाचार, अनियमित कार्य, दण्डहीनता, जिम्मेवारी बोधको अभाव सुशासनका चुनौती हुन् । अत: यस्ता चुनौतीको अन्त्य गर्नका लागि स्थिर, कार्यमुखी, पारदर्शी एवं जनमुखी सरकार निर्माणमा जोड दिँदै, विधिको शासनलाई मूर्त रुप दिने तर्फ अगाडी बढ्दै सार्वजनिक प्रशासन सञ्चालन गर्ने राष्ट्रसेवक संयन्त्रहरूको सुदढीकरण गरी यस्ता संयन्त्रलाई जनताप्रति जिम्मेवार र जवाफदेही बनाउनु सकेमा मात्र सकारात्मक नतिजा प्राप्त गर्न सकिने कुरामा विश्वास लिन सकिन्छ ।

## खण्ड (Section) – C -अक ३०)

## सार्वजनिक सेवा सञ्चालन एवं व्यवस्थापन

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions)**

**१३. कार्यालय व्यवस्थापनको महत्वबारे टिप्पणी लेख्नुहोस् । (Write a short note on the importance of the office management.) 5**

**उत्तर :**

**कार्यालय व्यवस्थापनको महत्व :**

Question Bank Nepal

आजको युग व्यवस्थापनको युग हो । निजी एवं सार्वजनिक जुनसुकै उद्देश्यले स्थापित संगठनहरूको व्यवस्थापन सुव्यवस्थित रुपमा हुन सकेमा मात्र ती संगठनले निर्धारित उद्देश्य प्राप्तीमा सफलता हात पर्न सक्दछन् । संगठनले प्रदान गर्ने सेवा एवं काम कारबाहीहरूलाई व्यवस्थित रुपमा सञ्चालन गर्न योजना तर्जुमा गर्ने, संगठन गर्ने, समन्वय गर्ने, नियन्त्रण गर्ने, नेतृत्व गर्ने जस्ता कार्य गर्नुलाई कार्यालय व्यवस्थापन भनिन्छ । संगठनको उद्देश्य एवं लक्ष्य प्राप्त गर्न कार्यालय व्यवस्थापनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछ । जुनसुकै संगठनका लागि कार्यालय व्यवस्थापनको महत्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

- जनसम्पर्क वृद्धि गरी संगठनलाई सेवाग्राही एवं ग्राहकमैत्री बनाउन,
- संगठनको आन्तरिक कार्यालयीय कार्य सम्पादनमा प्रभावकारीता ल्याउन,
- अन्तर कार्यालय वा कार्यालयभित्रको कार्य सम्पादनमा समन्वय कायम गर्न,
- सीमित साधन स्रोतको प्रभावकारी परिचालनबाट राम्रो नतिजा निकाल्न,
- संगठनमा कार्यरत जनशक्तिलाई थप प्रभावकारी रुपमा परिचालन गर्न,
- संगठनको क्रियाकलाप र साधन स्रोतहरू बीच समन्वय कायम गर्न,
- कार्यालय सञ्चालन लागत नियन्त्रण गरी मितव्यीता कायम गर्न,
- नवीनतम प्रविधिहरूलाई ग्रहण गर्दै छिटो छरितो सेवा प्रवाह गर्न,
- व्यवस्थापनका विभिन्न सिद्धान्तहरूको प्रयोग गरी संगठनको उद्देश्य प्राप्त गर्न आदि ।

समग्रमा जुनसुकै संगठनले आफ्नो निर्धारित लक्ष्य प्राप्तीका लागि विभिन्न क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने हुन्छ । ती क्रियाकलापहरू व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यालयको स्थापना गर्ने गरिन्छ । कार्यालयको उचित व्यवस्थापनबाट मात्र संगठनको लक्ष्य प्राप्ती हुन्छ । त्यसैले संगठनको काम कारबाहीमा समन्वय गर्न, लक्ष्य र प्रगतिबीचको अन्तर कम गर्न, कार्य सम्पादनमा आइपर्ने बाधा व्यवधान समाधान गर्न, श्रोत साधनको अभाव एवं दुरुपयोग हुन नदिन जस्ता विविध पक्षहरूमा कार्यालय व्यवस्थापनको महत्व हुने गर्दछ ।

---

**सोहराय पर्व** - पूर्वी नेपालीका सतार जातिको सबैभन्दा ठूलो चाड । सोहराय पर्व प्रत्येक वर्ष पौष वा माघ महिनामा पर्दछ । गीत, संगीत, नृत्यको भव्य आयोजना गरी विभिन्न नामले छ दिनसम्म मनाइन्छ । छोरी ज्वाई, इष्टमित्र तथा अतिथिहरूलाई बोलाई भोज खुवाइन्छ । यसपर्वमा घर चोट सफा गर्ने, भोज आयोजना, माछा-गंगटा खाने, फलफूल चोरी खाने गरिन्छ । पर्वको अन्तिम अर्थात छैठौं दिनमा सतार युवकहरू जंगलमा गई शिकार गरी शिकार तथा जाँडरक्सी खाई मदमा झुम्दै पर्व मनाउँछन् ।

---

**१४. लेखा परीक्षणको उद्देश्य के हो ? (What is the objectives of Audit?)** **5**

**उत्तर :**

कुनै पनि संस्थाको हिसाव किताव प्रचलित ऐन कानून, लेखाका सर्वमान्य सिद्धान्त अनुरूप ठीकसँग राखिएको छ छैन भनी सर्वमान्य सिद्धान्त एवं विधीहरूद्वारा लेखासम्वन्धी कागजातहरूको परीक्षण गरी सम्वन्धित निकायमा प्रतिवेदन पेश गर्ने कार्यलाई लेखा परीक्षण भनिन्छ । संस्थाको नाफा-नोक्सान तथा आर्थिक अवस्थाको यथार्थ स्थितीको जानकारी लिनको लागि लेखापरीक्षण गरिन्छ । लेखापरीक्षणले आर्थिक कारोवारहरूको परीक्षण गरी संस्थामा आर्थिक अनुशासन कायम गर्न सहयोग पुऱ्याउँछ । लेखापरीक्षण ऐन,

Question Bank Nepal

२०४८ अनुसार लेखापरीक्षण भन्नाले लेखाको जाँच र त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषण समेतलाई जनाउँछ । लेखापरीक्षणका उद्देश्यहरूलाई देहायका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :-

- लेखा परीक्षण मार्फत आर्थिक प्रशासनको अवस्था पत्ता लगाउने ।
- आर्थिक ऐन नियमको पालना भए नभएको पत्ता लगाई नियमित गराउन मद्दत गर्ने ।
- भौतिक सम्पत्तिको संरक्षण गर्न मद्दत गर्ने ।
- गल्ती एवं छलकपट हिनामिना पत्ता लगाई सुधार गर्न मद्दत गर्ने ।
- जनताप्रति सरकारको जवाफदेही पूरा गर्न मद्दत गर्ने ।
- वेरुजु पत्ता लगाई तोकिएको समय भित्र वेरुजु फछ्यौट गर्न सहयोग गर्ने ।
- संस्थाहरूमा आर्थिक अनुशासन कायम गर्न सहयोग पुऱ्याउने ।
- सुदृढ आर्थिक प्रशासनद्वारा देश विकासमा मद्दत गर्ने आदि ।

नेपालमा सरकारी निकायको अन्तिम लेखापरीक्षण गर्न महालेखा परिक्षकको संवैधानिक व्यवस्था गरिएको छ भने आन्तरीक लेखा परीक्षण गर्न अर्थ मंत्रालय अन्तर्गत विभागस्तरीय महालेखा नियन्त्रक कार्यालयको व्यवस्था गरिएको छ । जस अन्तर्गत हरेक जिल्लामा रहेकाका कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले आफ्नो क्षेत्राधिकार अन्तर्गका सरकारी कार्यालयको आन्तरीक लेखा परीक्षण गर्ने गर्दछन् । त्यस्तै गरी नेपाल सरकारका मंत्रालयहरू तथा सरकारी स्वामित्वमा रहने सम्पूर्ण संस्था तथा कार्यालयहरूको लेखाको जांच गर्ने संसदीय समिति सार्वजनिक लेखा समिति पनि हो ।

**घाटा मिलान (Loss Recovery) -** यो आयकर संग सम्बन्धित विषय हो । आफ्नो व्यवसाय वा लगानीमा भएको मुनाफावाट विगतमा भएको घाटा तथा भविष्यमा हुनसक्ने घाटा घटाउन वा कट्टी गर्न पाउने व्यवस्था नै घाटा मिलान हो । आयकर ऐनले दफा २० मा करदातालाई tax burden बाट केही मात्रामा भए पनि राहत दिन घाटा मिलानको व्यवस्था गरेको छ । जसअनुसार कुनै व्यक्तिले कुनै आय वर्षको भएको घाटालाई विभिन्न प्रावधानभित्र रही मिलान गर्न सक्छ । घाटा मिलान दुई किमिसले गर्न सकिन्छ- एउटा हो विगतमा भएको घाटालाई पछिल्ला बर्षहरूमा भएको नाफावाट समायोजन गर्ने जसलाई carry forward of loss भनिन्छ भने अर्को कुनै एउटा आर्थिक वर्षमा भएको घाटा त्यसभन्दा अगाडिका वर्षमा भएको नाफावाट मिलान गर्ने जसलाई Carry Backward of Loss भनिन्छ ।

**१५. छोटकरीमा लेख्नुहोस् । (Write short notes:)** **2 × 2.5 = 5**

(a) कर (Tax) (b) बजेट (Budget)

**(a) कर (Tax)**

मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न, सेवा सुविधा वितरण एवं विकास निर्माण गर्नका लागि खर्च जुटाउने प्रयोजनका लागि सरकारले जनताको सम्पत्ति, आम्दानी, खर्च, उपभोग एवं कारोबारका आधारमा जनता (करदाता) बाट उठाउने रकम नै कर राजस्व हो । कर अन्तर्गत आयकर, मूल्य अभिवृद्धि कर, अन्तशुल्क, भन्सार महसुल, घरजग्गा कर, मालपोत, आदि पर्दछन् । कर राज्यद्वारा लगाइने र तिर्नुपर्ने दायित्व

Question Bank Nepal

भएको व्यक्तिले पनि अनिवार्य रूपमा तिर्नुपर्ने कर्तव्य सिर्जना हुने रकम हो। कर तिर्नु स्वेच्छाको कुरा नभई अनिवार्य हो। यस प्रश्नको विस्तृत जानकारीको लागि *लोक सेवा आयोगद्वारा प्रस्तुत गरेको द्वितीय पत्र "सामाजिक आर्थिक अवस्था" विषयको नमुना प्रश्नहरूमध्ये नं. १५ को प्रश्नको उत्तर हेर्नुहोला।*

**(b) बजेट (Budget)**

बजेट राज्यको वार्षिक आय व्ययको विवरण हो, जसमा विगतको आर्थिक अवस्थाको अभिलेखन, चालु आर्थिक वर्षको आर्थिक स्थितिको समग्र चित्रण तथा आगामी आर्थिक वर्षको आर्थिक योजनाको प्रक्षेपण गरिएको हुन्छ। बजेटलाई सरकारको आर्थिक, सामाजिक र राजनीतिक दस्तावेजको रूपमा लिइन्छ जुन निश्चित अवधी (एक वर्ष)को लागि व्यवस्थापिकाद्वारा अनुमोदित गरिन्छ। सरकारले आगामी वर्षको लागि घोषणा गरेको कार्यक्रमको संगालो र सरकारी प्रतिबद्धता संलग्न रहने बजेटलाई मध्यमकालिन खर्च संरचना (MTEF) को एक टुक्राको रूपमा लिइन्छ। यस प्रश्नको विस्तृत जानकारीको लागि *लोक सेवा आयोगद्वारा प्रस्तुत गरेको द्वितीय पत्र "सामाजिक आर्थिक अवस्था" विषयको नमुना प्रश्नहरूमध्ये नं. १४ (b) को प्रश्नको उत्तर हेर्नुहोला।*

**पाँच औले (Panch Aunle) -** करीव २३ सय देखि ३६ सय मिटरको उचाईमा पाइने गुलावी रंगको फुल फुल्ने हत्केलाको पाँच औला जस्तो जरा हुने, सानो संरक्षित विरुवा पाँच औले हो। यसको जरा औषधीको रुपमा प्रयोग गरिन्छ। पाँच औलेको फुल फुलेर विउ झरिसकेपछि वोट नविगरी जमिन भित्रको जरा झिकी प्रयोग गर्न सकिन्छ। यसको पुनः उत्पादन विउ तथा गानावाट हुन्छ।

**१६. जिन्सी श्रेस्ता प्रणाली भन्नाले के बुझ्नुहुन्छ ? जिन्सी श्रेस्ता प्रणालीका प्रमुख उद्देश्यहरू के के हुन् ? छोटकरीमा व्याख्या गर्नुहोस्। (What do you mean by Inventory record system? What are the main objectives of Inventory record system? Explain in brief. (2+3) = 5**

**जिन्सी स्रेस्ता प्रणाली (Inventory record system)**

- ल्याटिन भाषाको जिनिस शब्दबाट आएको जिन्सी शब्दले नगद बाहेकका माल, वस्तु वा सामग्रीलाई जनाउँदछ। जिन्सी कार्यालयको सम्पत्ति हो र कार्य सञ्चालनको साधन पनि हो।
- कुनै पनि संस्थाको पूर्व निर्धारित उद्देश्य प्राप्तीका निमित्त प्रयोग गर्ने सामानहरूलाई जिन्सी सामग्री भनिन्छ। जिन्सी सामग्रीअन्तर्गत कच्चा पदार्थ, अर्ध तयारी वस्तु, तयारी वस्तु र दैनिक रुपमा प्रयोग हुने अन्य सामग्रीहरू पर्दछन्।
- त्यस्ता जिन्सी सामग्रीको आम्दानी, खर्च र बाँकी जनाउने तथा त्यस सम्बन्धी हिसाब किताब स्पष्ट देखिने गरी राखिने अभिलेख र त्यसबाट तयार गरिने विवरण समेतलाई जिन्सी श्रेस्ता प्रणाली भनिन्छ।
- नेपालमा जिन्सी श्रेस्ता प्रणालीको शुरुवात वि.सं. २०२० माघ १ गतेबाट आएको हो। नेपालमा जिन्सी श्रेस्ता राख्नको लागि म.लें.प.फा. नं. ४५ देखि ५७ सम्मका जम्मा १३ फारामहरूको प्रयोग गर्ने गरिएकोमा म.ले.प.फा. नं. ५४ निकासी टिप्पणी फाराम खारेज गरिसकिएकोले हाल बाँकी १२ वटा फारामहरू प्रयोगमा छन्।



Question Bank Nepal

- जिन्सी सामान सरकारी वजेट खंर्च गर्न किनिएका र सहायता अनुदान वा ऋण स्वरूप सामान नै प्राप्त भएका हुन सक्दछन्, ती सामानहरूको स्थिति यही जिन्सी श्रेस्तामा राखिन्छ ।

| जिन्सी श्रेस्तामा प्रयोग हुने म.ले.प.फारामहरू | | | |
|---|---|---|---|
| खरिद आदेश | म.ले.प.फा.नं. ४५ | दाखिला रिर्पोट | म.ले.प.फा.नं. ४६ |
| खप्ने सामान जिन्सी खाता | म.ले.प.फा.नं. ४७ | हस्तान्तरण फाराम | म.ले.प.फा.नं. ४८ |
| जिन्सी निरीक्षण फाराम | म.ले.प.फा.नं. ४९ | मिन्हा रिपोर्ट फाराम | म.ले.प.फा.नं. ५० |
| माग फाराम | म.ले.प.फा.नं. ५१ | खर्च भएर जाने जिन्सी खाता | म.ले.प.फा.नं. ५२ |
| दाखिला टिप्पणी | म.ले.प.फा.नं. ५३ | निकासा टिप्पणी (खारेज गरिएको) | म.ले.प.फा.नं. ५४ |
| भाडामा वा सापटी दिने किताव | म.ले.प.फा.नं. ५५ | भाडामा वा सापटी लिने किताव | म.ले.प.फा.नं. ५६ |
| जिन्सी मौज्दातको वार्षिक विवरण म.ले.प.फा.नं. ५७ | | | |

**जिन्सी श्रेस्ता प्रणालीका प्रमुख उद्देश्यहरू**

- जिन्सी सामानको आम्दानी, खर्च र बाँकीको यथार्थ अवस्था चित्रण गर्ने ।
- जिन्सी सामानको हिनामिना हुन नदिई उपयोगलाई व्यवस्थित गर्ने ।
- उपयुक्त समान उपयुक्त ठाउँ र समयमा उपयुक्त मूल्य र परिमाणमा नियमित रूपले प्राप्त गरी सम्बन्धित कार्यालय वा आयोजनालाई काम नरोकिने गरी उपलब्ध गराउनु ।
- सामानहरूको दोहोरो एवं अनावश्यक खरिद हुने सम्भावना हटाउने ।
- व्यवस्थापनलाई नीति एवं निर्णय निर्धारणमा सहयोग गर्ने ।
- जिन्सी सामानको लिलाम बिक्री, हस्तान्तरण र मिन्हाको लागि सूचना उपलब्ध गराउने ।
- जिन्सी सामानलाई खोजेको बखत पाउन सहज गराउने ।
- जिन्सी सामानको समुचित नियन्त्रण एवं सहज आपूर्ति गर्ने गराउने ।
- स्थायी जिन्सी सामान र अस्थायी जिन्सी सामानहरूको छुट्टाछुट्टै अभिलेख राख्ने आदि ।

अन्त्यमा जिन्सी मालवस्तुको आम्दानी तथा खर्च के कसरी भयो ? कुन सामान के कस्तो अवस्थामा छ ? सो देखाउने एवं जिन्सी व्यवस्थापनका कामकारबाहीलाई व्यवस्थित गराउन राखिने लेखलाई जिन्सी श्रेस्ता/लेखा प्रणाली भनिन्छ । यो नयाँ श्रेस्ता प्रणालीको एक अभिन्न भाग पनि हो । कार्यालयमा सामानहरू सुव्यवस्थित रुपमा राख्ने र आवश्यक सामानको खरिद गर्ने कार्य जिन्सी श्रेस्ता मार्फत गरिन्छ । जिन्सी मालसामानको खरिद, सुरक्षा, भण्डारण, उचित प्रयोग, विवरण, लिलामी, मिनाहा, यथार्थ लेखांकन समेतका कार्यहरू जिन्सी श्रेस्ता प्रणालीका उद्देश्य अन्तर्गत पर्दछन् ।

Question Bank Nepal

**गाईने (गन्धर्व) जाति-** कास्की जिल्लाको वाटुले चौर यस जातिको मूल थलो मानिन्छ। वीर रस पूर्ण कर्खा गीत, धार्मिक गीत, र लोक गीत गाउनमा प्रख्यात छन्। यिनीहरूको कुल देवताको नाम विजुलाङ्गो हो। गन्धर्व जातिको परम्परागत वाजा सारङ्गी विशेष गरी खिर्राका काठवाट वनाएको हुन्छ। यसमा प्रयोग हुने चारओटा तारहरूलाई रेटेर वजाइन्छ। गन्धर्व जातीको कमाई खाने बाजको रूपमा रहेको सारङ्गी धुनमा गन्धर्वहरू मीठो गाना गाउने गर्दछन।

**निम्न प्रश्नको लामो उत्तर लेख्नुहोस्। (Write long answer of the following question)**

**१७. सार्वजनिक सेवा प्रवाह गर्ने माध्यमका बारेमा लेख्नुहोस्। नेपालमा सार्वजनिक सेवा प्रवाह गर्ने सन्दर्भमा के कस्ता समस्याहरू देखा परेका छन्? (State the means of providing public service delivery. In Nepal, what problems should be faced while providing such types of service delivery. (2+2+6) = 10**

उत्तर :

### सार्वजनिक सेवा प्रवाह गर्ने माध्यम

सार्वजनिक सेवा प्रदान गर्ने दायित्व बोकेको संस्थाले आफूले प्रदान गर्नुपर्ने सेवा प्रदान गर्दा अपनाउनुपर्ने प्रक्रियालाई सार्वजनिक सेवा प्रवाह गर्ने तरिका/माध्यमको रुपमा बुझ्न सकिन्छ। सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन नेपालमा अवलम्न गरिएका सार्वजनिक सेवा प्रवाह गर्ने तरिका/माध्यमहरू लाई मोटामोटी रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ –

| सार्वजनिक सेवा प्रवाह गर्ने तरिकाहरू | |
|---|---|
| • सार्वजनिक सेवा बडापत्र | • रेडियो तथा TV कार्यक्रमहरू |
| • एकीकृत घुम्ती सेवा | • उपभोक्ता समिति मार्फत कार्य |
| • गुनासो सुनुवाईको व्यवस्था | • हेल्पडेक्सको व्यवस्था |
| • उजुरीपेटिकाको व्यवस्था | • काउन्टर सर्भिसको व्यवस्था |
| • सार्वजनिक सुनुवाईको व्यवस्था | • सेवाग्राहीबाट सेवाप्रवाहको सर्वेक्षण |
| • हेलो सरकार कक्ष | • सूचना अधिकृत एवं प्रवक्ताको व्यवस्था |
| • टोल फ्रि टेलिफोन नम्बर | • वेवसाइटहरूको प्रयोग |
| • इमेल तथा इन्टरनेट | |
| • नियमित रुपमा अनुगमन निरीक्षण गर्न संयन्त्रको व्यवस्था | |

(१) **सार्वजनिक सेवा बडापत्र :** सार्वजनिक सेवा बडापत्र भन्नाले सार्वजनिक सेवा प्रदान गर्ने संस्थाले त्यस संस्थामा सेवा लिन आउने सेवाग्राहीलाई सो संस्थाले प्रदान गर्ने सेवा प्राप्त गर्न अपनाउनुपर्ने प्रक्रिया, कार्यविधि, लाग्ने समय, तिर्नुपर्ने दस्तुर, आवश्यक पर्ने प्रमाण र कार्य सम्पादन गर्ने तह आदि स्पष्ट रूपमा उल्लेख गरी सबैले देख्ने गरी राखिएको दस्तावेजलाई बुझिन्छ। सार्वजनिक सेवा वडापत्रलाई नागरिक वडापत्र, सेवाग्राही वडापत्र, अदालत प्रयोगकर्ताको वडापत्र आदि विभिन्न नामले पनि चिनिन्छ। यसको माध्यमबाट सेवाग्राहीलाई सार्वजनिक सेवा प्राप्त

Question Bank Nepal